# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com



वर्ष १० | अंक १६८ | काठमाडौं | आइतबार, २१ असोज २०८० | Prabhab National Daily | Sunday, October 8, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५/-


इजरायलमा आतंकवादी हमला

## नौ जना नेपाली घाइते

■ **प्रभाव संवाददाता**

- आतंकवादी हमलाको नेपाल सरकारद्वारा निन्दा
- इजरायल सरकारप्रति ऐक्यबद्धता प्रकट
- इजरायलमा रहेका नेपालीलाई सतर्क रहन आग्रह
- अप्ठेरोमा परेका नेपालीको सहयोग तथा उद्धारका लागि दूतावासमार्फत पहल

**काठमाडौं–** इजरायलमा भएको आतंकवादी हमलामा नौ जना नेपाली घाइते भएका छन् । परराष्ट्र मन्त्रालयले शनिबार साँझ जारी गरेको विज्ञप्तिअनुसार आतंकवादी आक्रमणमा नेपाली पनि परेका हुन् ।

यो समाचार तयार पार्दासम्म आक्रमणमा परेका नौ जना नेपालीमध्ये दुई जनाको अवस्था गम्भीर रहेको मन्त्रालयले जनाएको छ ।

सोही विज्ञप्तिमार्फत सरकारले इजरायलमा भएको आतंकवादी हमलाको निन्दा गर्दै इजरायल सरकारप्रति ऐक्यबद्धता जनाएको छ । साथै सरकारले हमलामा अमूल्य जीवन गुमेकामा तथा धेरै मानिस घाइते दुःख व्यक्त गरेको छ । परराष्ट्र मन्त्रालयले इजरायल सरकार तथा त्यहाँका जनताका साथै हमलामा परी जीवन गुमाएकाहरूका परिवारप्रति गहिरो सहानुभूति एवं समवेदना व्यक्त गरेको छ । नेपाल सरकारले घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना पनि गरेको छ ।

यसैबीच, इजरायलस्थित नेपाली दूतावासले पनि आक्रमण प्रभावित क्षेत्रमा बसोबास गरेका नेपालीसँग निकट सम्पर्कमा रहेको जनाउँदै नेपालीको सुरक्षा तथा उद्धारका साथै घाइतेहरूको उपचारका लागि पनि इजरायली अधिकारीहरूसँग सम्पर्क र समन्वय गरिरहेको परराष्ट्रले बताएको छ ।

इजरायलको वर्तमान स्थितिलाई दृष्टिगत गरी त्यहाँ सहेका सबै नेपालीलाई सतर्क रहन तथा सम्बद्ध (**बाँकी पृष्ठ २ मा**)

## एरिकालाई ऐतिहासिक रजत पदक

**काठमाडौं (प्रस)–** चीनको हाङझाउमा जारी १९औं एसियाली खेलकुदअन्तर्गत नेपाललाई कराते खेलमा ऐतिहासिक रजत पदक प्राप्त भएको छ । कराते खेलाडी एरिका गुरुङले नेपाललाई जारी प्रतियोगितामा करातेतर्फ पहिलो पदक दिलाएकी हुन् । शनिबार सम्पन्न फाइनल खेलमा पराजित भएछि उनले रजत पदकमा चित्त बुझाउनुपरेको हो ।

महिला ६८ किलो तौल समूहमा १९ वर्षीया गुरुङ फाइनलमा काजकिस्तानकी सोफ्या बेरुल्तसेभासँग ३-० अंकले पराजित भएकी हुन् । नेपाललाई करातेमा एसियाली खेलकुदमा रजत पदक दिलाउने उनी पहिलो नेपाली खेलाडी बनेकी छन् ।



यसअघि शनिबार नै सम्पन्न सेमिफाइनलमा गुरुङले हङकङकी यान काई होलाई पराजित गरेकी थिइन् । गुरुङले यान काई होलाई ८-४ अंकले हराउँदै फाइनल यात्रा तय गरेकी थिइन् । शनिबार नै भएको क्वाटरफाइनल खेलमा गुरुङले जापानकी खेलाडी युजुकी सावाएलाई पराजित गरेकी थिइन् ।

दुवैबीचको खेल १-१ अंकको बराबरीमा सकिए पनि गुरुङ सेन्शु (पहिलो अंक जोडेको) आधारमा विजयी भएकी थिइन् । योसँगै नेपालले जारी १९औं एसियाली खेलकुदमा दोस्रो पदक प्राप्त गरेको छ । यसअघि नेपालले महिला कबड्डीमा कास्य पदक जितेको थियो ।

# मध्यावधि नजिक कोशी

- १० महिनामै पाँचौंपटक सरकार गठन हुँदै
- विश्वासको मत पाउने सम्भावना नभएपछि मुख्यमन्त्रीबाट हिक्मत कार्कीको राजीनामा
- गठबन्धन दलहरूबीच मुख्यमन्त्रीका लागि हानाथाप
- प्रदेश प्रमुखद्वारा यही २६ असोजको ५ बजेसम्ममा सरकार गठनको आह्वान
- गठबन्धनबाट मुख्यमन्त्रीमा माओवादी नेता इन्द्र आङ्बो, पूर्वमुख्यमन्त्री उद्धव थापा, केदार कार्की र राजेन्द्र राईको दाबी
- राप्रपाको समर्थन पाइने गठबन्धनको आशा

■ **जेबी योञ्जन**



**कोशी प्रदेशसभामा राजीनामा घोषणा गर्दै मुख्यमन्त्री हिक्मतकुमार कार्की (माथि) र आगामी मुख्यमन्त्रीका आकांक्षी इन्द्रबहादुर आङ्बो, उद्धव थापा र राजेन्द्र राई ।**

**काठमाडौं–** निर्वाचनबाट प्राप्त जनमत र दलहरूको अकर्मण्यताले कोशी प्रदेश मध्यावधि निर्वाचनउन्मुख भएको छ । संविधानअनुसार अब सरकार गठनको अन्तिम विकल्पमात्रै कोशी संसद्सँग छ । त्यो हो, संविधानको धारा १६८ को उपधारा-५ । यही संवैधानिक आधारमा टेकेर सरकार गठनका लागि प्रदेश प्रमुख परशुराम खापुङले दलहरूलाई आह्वान गरेका छन् । उनले सरकार गठनका लागि मुख्यमन्त्रीमा दाबी पेस गर्ने समय छ दिन (२६ असोजको ५ बजे) सम्म दिएका छन् ।

यस अवधिमा सरकार गठन हुन नसके आमनिर्वाचन भएको एक वर्ष नहुँदै कोशी मध्यावधि निर्वाचनमा जानेछ । विश्वासको मत पाउने सम्भावना शून्य भएपछि त्यहाँका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले शनिबार नै प्रदेश प्रमुख खापुङसमक्ष राजीनामा दिए ।

राजीनामा दिनेक्रममा उनले भने, 'हामीले अंकगणितलाई ख्याल गरेनौं भने मध्यावधि अवश्यम्भावी छ । तर, निर्वाचनको माग जनताले गरिरहेका छैनन् ।

कार्कीको राजीनामापछि उपधारा ५ अनुसार सरकार गठन गर्न गठबन्धन दलहरू अघि बढेका छन् । गठबन्धनमा नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी गरी चार दल छन् । यी दलहरूका सांसद ४७ जना छन् । सरकार गठनका लागि आवश्यक सामान्य बहुमत यति नै हो । सरकार गठन भने चुनौतीपूर्ण छ ।

तर, गठबन्धनभित्रबाट मुख्यमन्त्रीमा माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले आकांक्षा गरिरहेका छन् । उनले प्रदेशलाई मध्यावधि निर्वाचनमा जानबाट रोक्न आफू मुख्यमन्त्रीको उम्मेदवार बन्ने बताए ।

'गठबन्धन दलहरूबाट कांग्रेस संसदीय दलका नेता माननीय उद्धव थापा दुईपटक मुख्यमन्त्री हुनुभयो तर उहाँले विश्वासको मत प्राप्त गर्न सक्नुभएन । उहाँ नेतृत्वको सरकार टिकेन,' उनले प्रभावसँग भने, (**बाँकी पृष्ठ २ मा**)

### विकसित घटनाक्रमको शृंखला

गत असार १५ मा मुख्यमन्त्री हिक्मतकुमार कार्कीले संसद्मा विश्वासको मत गुमाए । ठीक एक साता (२२ असार)मा तत्कालीन सभामुख बाबुराम गौतमसमेतको समर्थनमा गठबन्धनको तर्फबाट कांग्रेस संसदीय दलका नेता उद्धव थापा मुख्यमन्त्री नियुक्त भए ।

तर, सोही दिन पूर्वमुख्यमन्त्री कार्कीले सर्वोच्च अदालतमा सभामुखसमेतको समर्थन असंवैधानिक भन्दै रिट दायर गरे ।

रिटको प्रारम्भिक सुनुवाइ गर्दै २७ असारमा सर्वोच्चले कोशी सरकालाई दीर्घकालीन असर पर्ने कुनै पनि कार्य नगर्न आदेश दियो ।

८ साउनमा भने कोशीको मुद्दा पूर्ण इजलासमा पठाउन आदेश भयो । तीन दिनपछि ११ साउनमा सर्वोच्चले उद्धव थापाको मुख्यमन्त्री नियुक्ति 'नेपालको संविधानबमोजिम प्रतिकूल देखिएको' ठहर गऱ्यो । सात दिनभित्र प्रदेशसभाको बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्यलाई मुख्यमन्त्री पदमा नियुक्त गर्न पनि प्रदेश प्रमुखलाई आदेश दियो ।

१२ साउनमा भने प्रदेश प्रमुख खापुङले मुख्यमन्त्रीका लागि १६ साउनको ५ बजेभित्र दाबी पेस गर्न आह्वान गरे ।

१६ साउनमा त सभामुख बाबुराम भण्डारीले राजीनामा नै दिए । त्यसपछि भण्डारी सांसदको हैसियतमा आएर समर्थन गरेको भन्दै थापालाई दोस्रोपटक मुख्यमन्त्रीमा नियुक्त गरियो ।

४ भदौमा थापालाई प्रदेशसभामा विश्वासको मत (४७) प्राप्त भयो । उनको विपक्षमा ३० मत परेको थियो ।

तर, ७ भदौमा मुख्यमन्त्री थापाले लिएको विश्वासको मत संविधान प्रतिकूल रहेको सर्वोच्चले ठहर गऱ्यो ।

२१ भदौमा भने मुख्यमन्त्री थापाले लिएको विश्वासको मत बदर भएको थियो । एमाले संसदीय दलका नेता कार्कीलाई मुख्यमन्त्री नियुक्त गर्न प्रदेश प्रमुखलाई सर्वोच्चले परमादेश दियो ।

२२ भदौमा कार्की फेरि मुख्यमन्त्री नियुक्त भए । शनिबार विश्वासको मत पाउने वातावरण नबनेपछि उनले पदबाट राजीनामा दिएका हुन् । अब पाँचौंपटक सरकार गठनको प्रक्रिया अघि बढ्नेछ । जबकि, आमनिर्वाचन भएर प्रदेश संसद् गठन भएको भने १० महिनामात्रै हुँदै छ ।

सन्दर्भ : वैदेशिक रोजगार

## खाडीमा घरेलु कामदारमाथिको प्रतिबन्ध हटाउन दबाब

■ **प्रभाव संवाददाता**

- खाडी मुलुकमा घरेलु कामदारको रूपमा पठाउन आठ वर्षदेखि बन्देज
- बन्देज फुकुवा गर्न सरकारलाई दबाब दिँदै व्यवसायी
- श्रम स्वीकृतिमा रोक लगाउँदा बिचौलियामार्फत अवैध बाटो हुँदै गन्तव्य मुलुक पुग्ने गरेको दाबी

**काठमाडौं–** नेपालबाट खाडी मुलुकमा घरेलु कामदार पठाउन पाउनुपर्ने माग राख्दै वैदेशिक रोजगार व्यवसायीहरुले सरकारमाथि दबाब बढाउन थालेका छन् । नेपाली महिलाहरुलाई खाडीमा घरेलु कामदारको रूपमा पठाउन आठ वर्षदेखि बन्देज लगाइएको सन्दर्भमा व्यवसायीहरुले फुकुवा गर्नुपर्ने माग राख्दै दबाब बढाएका हुन् ।

वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चले खाडी मुलुकमा जान चाहने घरेलु कामदारमाथि लगाइएको प्रतिबन्ध फुकुवा गर्नुपर्ने माग राख्दै समस्या समाधानमा यथाशीघ्र पहल गर्न श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयलाई ज्ञापनपत्र बुझाएको छ । वैदेशिक रोजगार व्यवसायमा देखिएको समस्या समाधानसहित २०७२ सालदेखि महिलाहरूलाई घरेलु कामदारको रूपमा पठाउन लगाइएको प्रतिबन्ध हटाई व्यावसायिक वातावरण बनाउनुपर्ने मञ्चले माग गरेको छ ।

सरकारले समयमै उचित निर्णय लिन नसक्दा विगत आठ वर्षदेखि श्रम स्वीकृति लिएर कुनै पनि महिला घरेलु कामदारको रूपमा खाडी मुलुक जान नपाएका कारण बिचौलियामार्फत अवैध बाटो हुँदै गन्तव्य मुलुक पुग्ने गरेको बताइएको छ । वैधानिकरूपमा जान प्रतिबन्ध लागेका कारण हजारौंको संख्यामा महिलाहरू अवैध तवरबाट खाडी मुलुक पुग्ने गरेकोप्रति मञ्चले ध्यानाकर्षण गराएको महासचिव कुन्छादोर्जे डिम्दोङले बताए ।

'महिलाहरुलाई घरेलु कामदारको रूपमा जान प्रतिबन्ध लगाउँदा दैनिकजसो अवैध बाटो हुँदै सयौंको संख्यामा खाडी मुलुक गइरहेका छन्,' उनले भने, 'प्रतिबन्धले झन् समस्या सिर्जना गरिरहेको छ, आफ्नै देशको एयरपोर्ट प्रयोग गर्न नपाइने हुँदा दलालहरुले सेटिङमार्फत भारत, श्रीलंका, म्यानमार पुऱ्याएर खाडीमा पठाइरहेका छन् ।' उनका अनुसार बेरोजगारीका कारण विदेशिनु बाध्यता भए पनि प्रतिबन्धका कारण दलाललाई चर्को शुल्क तिरेर अवैध बाटो प्रयोग गरी जानु पर्दा थुप्रै महिलाहरु मानव बेचबिखनको सिकार भएको समेत हुँदै आएका छन् । यस्ता जटिल समस्याको निराकरण गर्न पनि प्रतिबन्ध हटाउनुपर्ने डिम्दोङले बताए ।

वैदेशिक रोजगारीका क्षेत्रमा देखिएका समस्या समाधान गरिनुपर्ने भन्दै केही दिन अघिमात्रै मञ्चले प्रधानमन्त्री पुष्पकमल दाहाललाई समेत १० बुँदे ज्ञापनपत्र बुझाएको उनले जानकारी दिए । 'प्रतिबन्ध फुकुवा गर्दा अवैध र गैरकानुनी प्रक्रियाबाट घरेलु श्रमका लागि महिला कामदार जान बन्द हुन्छ,' उनले भने, 'तर अहिले असुरक्षा र जोखिमपूर्ण तरिकाले कुवेत, ओमान, युएई, कतार, बहराइनलगायतका मुलुकमा महिलाहरू गइरहेका छन्, यसको जवाफदेही सरकार हुनुपर्छ, प्रतिबन्ध फुकुवा गर्नुपर्छ ।'

पछिल्लो समय विभिन्न संघसंस्थाले गरेको अध्ययन अनुसार खाडी मुलुकमा गैरकानुनी रूपमा गएका नेपाली घरेलु महिला कामदारहरूको संख्या एक लाख २५ हजारभन्दा बढी रहेको छ । त्यसरी गैरकानुनी तवरबाट गन्तव्य मुलुक पुगेका महिलाहरुले थुप्रै खाले जोखिम भोग्दै आएको बताइन्छ । गैरकानुनी रूपबाट विदेशिएका महिला कामदारको सरकारसँग कुनै अभिलेख नहुँदा राज्यबाट पाउनुपर्ने सुविधाबाटसमेत वञ्चित हुनुपर्ने अवस्था छ ।

## इजरायलमा आतंकवादी आक्रमणको एनआरएनएद्वारा भर्त्सना

**काठमाडौं (प्रस)–** गैरआवासीय नेपाली संघ (एनआरएनए)ले इजरायलमा शनिबार बिहान भएको आतंकवादी आक्रमणको घोर भर्त्सना गरेको छ । संघले यस विषम् घडीमा इजरायल सरकारसँग ऐक्यबद्धता व्यक्त गरेको छ ।

संघले शनिबार साँझ एक विज्ञप्ति जारी गर्दै इजरायलका जनता र सरकारका साथै यस निर्मम आक्रमण प्रभावित पीडित एवं परिवारहरूप्रति गहिरो समवेदना प्रकट गरेको छ । साथै घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामनासमेत गरेको छ ।

'आक्रमणमा नेपालबाट इन्टर्नसिपका लागि त्यहाँस्थित सेदोट नेगेभ कृषि केन्द्रमा गएका नौ जना नेपाली घाइते भएको र तीमध्ये दुई जनाको अवस्था गम्भीर रहेको इजरायलस्थित गैरआवासीय नेपाली संघको राष्ट्रिय समन्वय परिषद्मार्फत हामीले जानकारी लिएका छौं । हामीसँग सम्पर्कमा आएका सो केन्द्रका केही नेपालीका अनुसार त्यहाँ १७ जना नेपालीहरु रहेका मध्ये ९ जना घाइते भएका हुन् । अन्य ५ जनाको सकुशल उद्धार भएको छ । तीन जना भने सम्पर्कविहीन छन् । आक्रमण प्रभावित नेपालीहरुको विस्तृत विवरण लिने प्रयास जारी छ,' संघले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

संघको इजरायलस्थित राष्ट्रिय समन्वय परिषद् आक्रमण प्रभावित क्षेत्रमा बसोबास गर्ने नेपालीहरूसँग निकट सम्पर्कमा रहेको जनाइएको छ । नेपालीको सुरक्षा, र उद्धारका साथै घाइतेको उपचारका लागि संघले राजदूतावास र त्यहाँस्थित सक्रिय नेपाली संघसंस्थाहरुसँग निरन्तर समन्वय गरिरहेको उल्लेख गरेको छ ।




# सार्वजनिक शौचालय सञ्चालन गर्नेलाई कामपाको सहयोग




**■ प्रभाव संवाददाता**

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्र सार्वजनिक शौचालय सञ्चालन गर्नेलाई सहयोग उपलब्ध गर्ने भएको छ ।

कामपा सार्वजनिक-निजी साझेदारी एकाइका प्रमुख डा. शिवराज अधिकारीका अनुसार नयाँ सार्वजनिक शौचालय बनाउन तथा सञ्चालन गर्न इच्छुक संघसंस्थालाई सहयोग गरेर नागरिकलाई सहज सार्वजनिक शौचालयको पहुँच पुऱ्याउने तयारी रहेको छ । उनले भने, 'यसका लागि ३२ वटै वडाले इच्छा भएको संस्थाको विवरण संकलन गरेर केन्द्रमा पेस गर्न भनिएको छ ।'

कामपाले विगत छ वर्षदेखि नागरिकलाई सहजरूपमा सार्वजनिक शौचालय प्रयोग गर्न सक्ने वातारण बनाउने भने पनि हालसम्म सबैतिर सार्वजनिक शौचालयको पहुँच नपुगेको डा. अधिकारीले बताए । उनले भने, 'भएकालाई नियमित गर्ने, सम्झौता भएकाहरूको सञ्चालन अवस्था अनुगमन गर्ने र नयाँ निर्माण गर्ने योजना कार्यान्वयनका लागि वडालाई नै जिम्मा दिइएको छ ।'

हाल कामपाको क्षेत्रभित्र ५७ वटा सार्वजनिक शौचालयको सूची रहे पनि अधिकांशमा सरसफाइ र पानीकोसमेत व्यवस्था नहुँदा प्रयोग गर्न मिल्ने अवस्थामा नरहेका अधिकारीको भनाइ थियो । उनका अनुसार यसलाई रूपान्तरण गरेर सफा, दुर्गन्धरहित, व्यवस्थित, उज्यालो, हात धुने साबुन, पानीको व्यवस्था भएको शौचालय उपलब्ध गराउने उद्देश्यले कामपाले इच्छुक संस्थालाई सहयोग गर्ने योजना बनाएको हो ।

'विसं २०७९ को प्रारम्भमा व्यक्तिगत तथा संस्थागत रूपमा चलेका १२० शौचालयलाई सार्वजनिक बनाउन सम्झौता भएको छ,' अधिकारीले भने, 'तिनीहरू कसरी चलेका छन् सक्रिय र नियमित रूपमा सञ्चालन गर्न के गर्नुपर्छ भन्ने विषय अघि बढाइएको छ ।' उनका अनुसार सहरी क्षेत्रमा हरेक ५०० मिटर दूरीमा एउटा सार्वजनिक शौचालय उपलब्ध गराउनुपर्ने नीति रहे पनि कामपाको हकमा त्यो कार्यान्वयन भएको छैन ।

वडाबाट सञ्चालन भएका शौचालय नियमित र व्यवस्थित गर्ने, सार्वजनिक निजी साझेदारी कार्यक्रमअन्तर्गत व्यक्ति, बैंक, वित्तीय संस्था र कार्यालयबीच सहकार्य तथा टोल सुधार समितिको सहयोगमा सार्वजनिक शौचालय सञ्चालन गर्ने एकाइको तत्कालको योजना रहेको एकाइका प्रमुख डा. अधिकारीले जानकारी दिए ।

'सार्वजनिक शौचालय निर्माणका लागि सहरी योजना आयोगले नक्सा बनाएको छ । यसलाई आधार मानेर वडा र एकाइले नयाँ ठाउँमा शौचालय निर्माण गर्नेछन् । यसमा निजी तथा सार्वजनिक क्षेत्रको लगानी उपयोग गरिने छ,' उनले भने ।

# पूर्वसचिव तामाङको 'धम्मपद' सार्वजनिक




**■ प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल सरकारका पूर्वसचिव धनबहादुर तामाङ पाखिनद्वारा तामाङ भाषामा अनुवादित पुस्तक 'धम्मपद' सार्वजनिक गरिएको छ । जेचुन सांगे खण्डो रिन्पोछे (जुनामाया थिङ तामाङ)ले उक्त पुस्तक सार्वजनिक गरेकी हुन् ।

तामाङ पत्रकार संघद्वारा आयोजित विमोचन कार्यक्रमलाई सम्बोधन गर्दै खण्डो रिन्पोछेले भगवान् बुद्धका महत्त्वपूर्ण वचनहरु समेटेको बौद्ध ग्रन्थ धम्मपदलाई तामाङ भाषामा अनुवाद गरेर पुण्य कार्य गरेको बताउँदै अनुवादक तामाङको प्रशंसा गरिन् । 'बौद्ध ग्रन्थहरुमध्येको एक महत्त्वपूर्ण धम्मपद सम्भवतः सबैभन्दा धेरै भाषामा अनुवादित ग्रन्थमा पर्छ । यसलाई तामाङ भाषामा अनुवाद गरेर तामाङभाषीको पहुँचमा पुऱ्याउनुजस्तो पुण्य कार्य केही होइन,' उनले भनिन् । तामाङ भाषामा अनुवादित यो कृतिले बौद्ध साहित्यमा इँटा थप्ने काम गरेको उनले बताइन् ।

अनुवादक तामाङले अन्य भाषामा अनुवाद भइसकेको धम्मपद तामाङ भाषामा नभएकोले त्यसलाई पूर्ति गर्ने प्रयास आफूले गरेको बताए । तामाङ भाषामा विभिन्न टोन (ध्वनी) रहेको उल्लेख गर्दै उनले त्यसको संरक्षणका लागि पनि पुस्तकमा टोनलाई आधार बनाएर प्रयोग गरेको उनले जानकारी दिए ।

तामाङ पत्रकार संघका अध्यक्ष सुवास योञ्जनको अध्यक्षतामा भएको विमोचन समारोहमा लेखक रविन्द्र तामाङले स्वागत मन्तव्य राखेका थिए । विमोचित धम्मपद पुस्तकको चर्चा समीक्षकद्वय खोजराज गोले र कृष्णकुमार लामा योञ्जनले गरेका थिए । अध्यागमन विभागका महानिर्देशक रूद्रसिंह तामाङले अनुवादक तामाङको व्यक्तित्वबारे चर्चा गरे । समारोहमा खेन्पो पाल्साङ नोर्बु बोम्जन लामाले पनि शुभकामना मन्तव्य राखेका थिए ।

विमोचित धम्मपद पुस्तक आवरणसहित १७४ पृष्ठको रहेको छ । पुस्तकमा २६ वग्गो, ४२३ श्लोक समेटिएका छन् । धम्मपद भिक्षु अमृतानन्दले सन् २००८ मा पाली र नेपाली भाषामा प्रकाशन गरेका थिए । ती दुई भाषालाई यथावत् राखी तामाङले धम्मपद वग्गो र श्लोकलाई अनुवादक तामाङले ध्वनीको आधारमा तामाङ भाषामा अनुवाद गरेर देवनागरी लिपिमा प्रकाशन गरेका हुन् । पुस्तकको प्रकाशक पवित्रा तामाङ डेसुर रहेकी छन् । काभ्रेपलाञ्चकको बासडोल निवासी अनुवादक तामाङ २०७४ असारमा सरकारी सेवाबाट अवकास भएका हुन् ।

## नौ जना..

पृष्ठ १ बाट जारी

अधिकारीले दिएका सुरक्षा उपायको अक्षरशः पालन गर्न सरकारले अनुरोध गरेको छ । इजरायलस्थित नेपाली दूतावासको सम्पर्क विवरण पनि सरकारले उपलब्ध गराएको छ । टेलिफोनः +९७२(०)३५१६८०८५, राजदूत कान्ता रिजाल ९७२५४५८६४४२३ र प्रथम सचिव अर्जुन घिमिरे +९७२५४५८६४४२३ मा सम्पर्क गर्न सकिने दूतावासले जानकारी दिएको छ ।

अप्ठेरोमा परेका नेपालीहरुको सहयोग तथा उद्धारका लागि इजरायलका सम्बन्धित निकाय तथा अधिकारीहरुसँग निरन्तर समन्वय गरिरहेको दूतावासका प्रथम सचिव एवं प्रवक्ता अर्जुन घिमिरेले बताए । 'हामी यतिखेर संकटपूर्ण अवस्थामा छौं, विस्तृत जानकारी दिन सकिएको छैन, तर पनि हामी कोसिस गरिरहेका छौं, यहाँको सम्बन्धित निकाय तथा अधिकारीहरुसँग निरन्तर सम्पर्कमा छौं,' उनले भने ।

इजरायलमा विभिन्न माध्यमबाट रोजगारीमा गएका नेपालीहरुको संख्या तीन हजारभन्दा माथि रहेको दूतावासले अनुमान गरेको छ । त्यस्तै विद्यार्थीहरु एक हजारभन्दा बढी रहेको बताइएको छ । द्वन्द्व प्रभावित क्षेत्रमा कति नेपाली थिए भन्ने यकीन विवरण नभए पनि इजरायलमा करिब छ हजारको हराहारीमा नेपाली रहेको बुझिएको छ । गत वर्षमात्रै जिटुजी सम्झौतामार्फत सहायक कामदार (केयर गिभर)को रूपमा १२ सय नेपाली इजरायल पुगेका छन् ।

शनिबार बिहान हमासले गरेको घातक रकेट आक्रमणमा परी शार हानेगेभ क्षेत्रीय काउन्सिलका प्रमुख (मेयर) ओफिर लिब्स्टेनको मृत्यु भएको स्थानीय स्रोतलाई उद्धृत गर्दै टाइम्स अफ इजरायलले बताएको छ । यो समाचार तयार पार्दासिम्म प्राप्त विवरणअनुसार हमासको रकेट आक्रमणमा परी कम्तीमा पाँच जनाको मृत्यु भएको र १०० भन्दा बढी घाइते भएका छन् ।

मध्य तथा दक्षिण इजरायलमा शनिबार बिहान साढे तीन घण्टासम्म व्यापक रकेट हमला भएको थियो । यसबाहेक हमासले पाँच जना इजरायल डिफेन्स फोर्स (आइडिएफ) का सैनिकलाई अपहरण गरेको दाबी गरेको जेरुसेलनम पोस्टले बताएको छ ।

## मध्यावधि..

पृष्ठ १ बाट जारी

'म मुख्यमन्त्रीको उम्मेदवार हुँदा अरु गठबन्धन बाहिरका दलहरूको पनि समर्थन पाउँछु । त्यसो हुँदा प्रदेश मध्यावधि निर्वाचनमा जाँदैन ।'

मौसमसँगै प्रदेशको मुख्यमन्त्रीको आकांक्षी पूर्वमुख्यमन्त्री उद्धव थापा पनि छन् । संसद्को यही कार्यकालमा तेस्रोपटक मुख्यमन्त्री हुन उनले चाहेका छन् । उनले भनिसकेका छन्, 'गठबन्धनको नेतृत्वदायी दलको हिसाबमा मै मुख्यमन्त्री हुन्छु । मेरो दाबी मुख्यमन्त्रीमा रहन्छ ।'

पटक-पटक विश्वासको मत परीक्षणमा असफल थापाको विकल्पमा यसपटक कांग्रेसबाटै सांसद केदार कार्कीलाई मुख्यमन्त्री बनाउनुपर्ने चर्चा पनि चलिरहेको छ । कार्कीले पनि मुख्यमन्त्रीका लागि गठबन्धन दलका नेताहरूसँग आन्तरिक रूपमा संवाद थालेका छन् ।

उसो त सहमतीय सरकार गठन भए पूर्वमुख्यमन्त्रीसमेत रहेका नेकपा एकीकृत समाजवादी संसदीय दलका नेता राजेन्द्रकुमार राईको पनि मुख्यमन्त्रीमा दाबी छ । सहमतीय सरकार गठन नहुने स्थिति भए मुख्यमन्त्रीको दाबीबाट अलग हुने उनको भनाइ छ ।

'यसपटक म मुख्यमन्त्रीको दाबेदार हुँदिनँ । यदि, सहमतीय सरकार गठन हुने भए हुन्छु,' उनले भने ।

संघीयता विरोधी दल राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि सरकारको नेतृत्व गर्न चाहेको छ । उक्त पार्टीको संसदीय दलका नेता भक्तिप्रसाद सिटौलाले केन्द्रीय अध्यक्ष राजेन्द्र लिङ्देनले गठबन्धनलाई समर्थन गर्ने-नगर्ने ? कि आफ्नै नेतृत्वमा सरकार गठन गर्नेबारे निर्णय लिने बताए । तर, उनले सहमतीय सरकार गठन हुने भयो भने मुख्यमन्त्रीमा आफ्नो पनि दाबी हुने बताएका छन् ।

'प्रदेश संसद्मा हामी निर्णायक शक्ति छौं । हामीले गठबन्धनलाई सहयोग गर्ने बित्तिकै सरकारले विश्वासको मत पाउँछ । सरकार टिक्छ । त्यही भएर सहमतीय सरकार गठन भए मुख्यमन्त्रीमा दाबी रहन्छ,' उनले भने ।

तर, राप्रपाले गठबन्धनलाई यसपटक समर्थन गर्न गाइँगुइँ चर्चा प्रदेशमा छ । हुन पनि गठबन्धन दलहरूले यसअघि राप्रपालाई पूर्वाधार विकास समितिको सभापति दिएका थिए । त्यसबेला कोशीमा गठबन्धन दलहरूलाई राप्रपाले समर्थन गर्ने सर्तपछि सभापति दिइएको थियो । उक्त समितिको सभापति बाँडफाँटको क्रममा माओवादीलाई परेको थियो ।

फेरि, यसअघि पटक-पटक एमालेलाई समर्थन गरेको राप्रपाले यसपटक समर्थन गरेन । अध्यक्ष लिंदेनले पनि हालै फेसबुकमार्फत् कोशी सरकारबारे राय मागेका छन् । अब, उनले के निर्णय लिन्छन् ? गठबन्धन दलहरू पर्खाइमा छ ।

कांग्रेस सचेतक भूपेन्द्र राईले भने राप्रपाको समर्थन लिएर गठबन्धनले सरकार बनाउने बताएका छन् । तर, गठबन्धनका कुन दलले सरकारको नेतृत्व लिन्छ भन्ने बेटुंगो रहेको बताए । उनका अनुसार गठबन्धनका शीर्ष नेताहरूले कोशी सरकारको नेतृत्वबारे निर्णय लिने छन् । त्यसपछि कोशीमा उपधारा ५ अनुसार सरकार गठन हुने छ ।

सचेतक राईले भनेका उपधारा अनुसार पनि सरकार गठन हुन नसके उपधारा (७) अनुसार प्रदेश मध्यावधि निर्वाचनमा जाने छ । ९३ सदस्यीय प्रदेश संसद्मा गठबन्धन दलहरूका सांसद ४७ जना, कांग्रेसका ४० जना र राप्रपाका छ जना सांसद छन् ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

असोज २१ गते २०८०, आइतबार

**मेष** महिला वा मित्रबाट विशेष सहयोग पाइनेछ ।

**वृष** दाम्पत्य सुखले प्रसन्न र प्रफुल्लित भइनेछ ।

**मिथुन** अभिभावकको आशीर्वादले काम गर्नसक्छ ।

**कर्कट** आँटेको र ताकेको कार्य पुरा होला ।

**सिंह** आज कुनै कुराले अनुहारमा चमक आउनेछ ।

**कन्या** राजनैतिक र सामाजिक कार्यमा सफलता मिल्नेछ ।

**तुला** नजिकको व्यक्तिबाट धोका पाइएला, सचेत रहनुहोला ।

**वृश्चिक** आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसर जुट्ला ।

**धनु** काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ ।

**मकर** प्रणयसम्बन्ध र रतिराग बढाउने समय रहेको छ ।

**कुम्भ** सवारी साधन चलाउँदा वा बाटो काट्दा होस राख्नुपर्छ ।

**मीन** आज सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ हुनेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असोज २१ गते, २०८०, ८ ओक्टुबर, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.९१ | १३३.५१ |
| युरो | १ को | १४०.४५ | १३९.८२ |
| पाउन्ड स्टिर्लङ | १ को | १६१.३७ | १६२.१० |
| स्विस फ्रैन्क | १ को | १४५.१६ | १४५.८२ |
| अस्ट्रेलियन डलर | १ को | ८४.३४ | ८४.७२ |
| क्यानाडियन डलर | १ को | ९६.५२ | ९६.९६ |
| सिंगापुर डलर | १ को | ९६.९६ | ९७.४० |
| जापानी येन | १० को | ८.९३ | ८.९७ |
| चिनियाँ युआन | १ को | १८.२० | १८.२९ |
| साउदी अरब रियाल | १ को | ३५.४४ | ३५.६० |
| कतारी रियाल | १ को | ३६.४५ | ३६.६१ |
| थाई भाट | १ को | ३.६० | ३.६२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.१८ | ३६.३५ |
| मलेसियन रिङ्गेट | १ को | २८.११ | २८.२४ |
| दक्षिण कोरियन वन | १०० को | ९.८४ | ९.८८ |
| स्विडिस क्रोनर | १ को | १२.०६ | १२.११ |
| डेनिस क्रोनर | १ को | १८.७५ | १८.८४ |
| हङकङ डलर | १ को | १६.९८ | १७.०५ |
| कुवेती दिनार | १ को | ४२९.६८ | ४३१.६२ |
| बहराइन दिनार | १ को | ३५२.९२ | ३५४.५१ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**सडकको दुरावस्था** | काठमाडौंबाट दोलखा आउने चरिकोट–मुडे सडकखण्डस्थित झिँगाने भन्ने ठाउँमा पानी परेपछि सडकको दुरावस्था । ठेकेदार र सडक कार्यालयले समयमै काम नगरिदिंदा सात वर्ष बित्दासमेत पूर्णरूपमा सडक निर्माण कार्य सम्पन्न भएको छैन । *तस्बिरः गोकर्णप्रसाद भण्डारी/रासस*

# पुनर्निर्माणको पर्खाइमा कागबेनी



**गण्डकी–** गत साउन २८ गते मुस्ताङको कागखोलामा आएको बाढीका कारण क्षतिग्रस्त बारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा नं ४ स्थित कागबेनी यतिखेर पुनर्निर्माणको पर्खाइमा छ ।

बाढीका कारण मानवीय क्षति नभए पनि करोडौंको भौतिक संरचना पुगेको क्षतिले यहाँको जनजीवन अझै तहसनहस छ । बाढीका कारण खानेपानी, सिँचाइलगायतका अत्यावश्यकीय पूर्वाधारमा भएको क्षतिका कारण दैनिकी सञ्चालनमा नै समस्या भइरहेको बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाकी उपाध्यक्ष दिकी गुरुङले जानकारी दिइन् ।

'बाढीले पुऱ्याएको क्षतिका कारण कागबेनी यतिखेर विभिन्न समस्या झेलिरहेको छ,' उनले भनिन्, 'क्षतिग्रस्त संरचनाको पुनःनिर्माणका लागि स्थानीयवासी भने आ-आफ्ना तवरबाट जुटिसकेका छन् ।'

सोह्रश्राद्धको समय पारेर ठूलो संख्यामा कागबेनीमा पुगेका तीर्थयात्रीहरू यस स्थानमा बाढीले पुऱ्याएको क्षतिका कारण समस्यामा परेका छन् । बाढीले तीर्थालुलाई आश्रय दिँदै आएका धर्मशालासहित पाँच/छ वटा होटेल भत्काएको थियो । कृषि पेसामा आबद्ध स्थानीयवासी सिँचाइ कुलो भत्कँदा समस्यामा परेका छन् भने बस्ने घर, नदीबाट आवतजावत गर्ने पुलका साथै कृषि उपज फलाउने बारी बगरमा परिणत बन्दा ठूलो समस्या भोग्नुपरेको स्थानीयको दुःखेसो छ ।

बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको विपद् व्यवस्थापन समितिले तयार गरेको प्रारम्भिक तथ्यांकअनुसार बाढीले कागबेनीमा करिब एक अर्ब रूपैयाँ बराबरको क्षति पुऱ्याएको छ । बाढीले घर तथा होटेलका साथै विभिन्न संघसंस्थाका कार्यालयमा क्षति पुऱ्याएको थियो । बाढीका कारण सिँचाइ कुलो, स्याउका बगैंचा एवं ठूलै संख्याका गोठमा क्षति पुऱ्याएको कागबेनीमा विगत लामो समयदेखि निर्माण कार्यमा काम गर्दै आएका पदम लामगादेले जानकारी दिए ।

बाढी दिउँसो ५ बजेतिर आएका कारण कुनै मानवीय क्षति भने नभएको बताउँदै उनले रातको समयमा आएको भए हुनसक्ने क्षति कल्पनासमेत गर्न नसकिने बताए । 'दिउँसो बाढी आएको खबर मुक्तिनाथ माथिका बस्तीका स्थानीयले खबर गरेपछि थाहा भएको हो,' उनले भने, 'सूचना आउनासाथ गरिएको सजगताले मानवीय क्षति नभएको हो ।'

बाढीले कागबेनीवासी कृषकको करोड मूल्यभन्दा बढीको स्याउ, ओखर र नास्पातीलगायतका फलफूलका बोट क्षति पुऱ्याएको थियो । स्याउ बगैंचाका साथै कृषियोग्य जमिन र झण्डै सात हेक्टर जमिनमा सिँचाइ गर्दै आइएको कागबेनी सिँचाइ कुलोमा क्षति पुगेको छ । बाढीले कृषकको गोठ र पशुचौपायामा क्षति पुऱ्याएको थियो । यहाँका २३ गोठ, ३२ लुलु गाई, दुई वटा खसी र एउटा घोडा बगाउँदा करिब ५० लाख रूपैयाँभन्दा बढीको क्षति पुऱ्याएको तथ्यांक छ । गाउँपालिकाले तयार गरेको तथ्यांकले नगद, सामान र संरचनामा मात्र ८१ करोड ८३ लाख रूपैयाँ बराबरको क्षति पुगेको छ । त्यस्तै सडक, मोटरेबल पुल, झोलुंगे पुल, गुम्बा, मन्दिर, धर्मशाला, सामुदायिक, वडा, प्रहरी चौकीको भवन, तटबन्धलगायत १४ वटा भौतिक पूर्वाधार गरी २१ करोड दुई लाख रूपैयाँ बराबरको क्षति भएको छ । यहाँका ५० घरमा ५२ करोड ८९ लाख ७५ हजार रूपैयाँ मूल्य बराबरको क्षति भएको छ र २२ वटा घर पूर्ण र पाँच वटा घरमा आंशिक क्षति भएको गाउँपालिकाले जनाएको छ ।

कागबेनी पुनर्निर्माणको पर्खाइमा रहेको उल्लेख गर्दै गाउँपालिकाकी उपाध्यक्ष गुरुङले स्थानीय समिति अत्यावश्यकीय पूर्वाधारको पुनर्निर्माणका लागि जुटिसकेको बताइन् । सरकारी तवरबाट निरीक्षण हुने र आश्वासन आउने गरे पनि पुनर्निर्माण कार्य भने अझै नथालिएको उनको भनाइ छ ।

कागबेनीमा आएको बाढीले आसपासका अन्य हिमाली बस्तीका लागि खतराको संकेत दिएको जनमुक्ति युवा क्लब, ठिनीका उपाध्यक्ष निरज थकालीले बताए । असामान्यरूपमा आएको बाढीले कागबेनीमा ठूलो क्षति पुऱ्याएको बताउँदै उनले यसलाई जलवायु परिवर्तनको असरका रूपमा लिइएको बताए ।

पछिल्ला समयमा कृषिजन्य उत्पादनमासमेत जलवायु परिवर्तनको असर देखिएको बताउँदै उनले यस वर्ष मुस्ताङमा स्याउको उत्पादन घटेको जानकारी दिए । बढ्दो तापक्रमकै कारण मुस्ताङमा विभिन्न रोगका संक्रमण पनि बढ्न थालेको उल्लेख गर्दै उनले पछिल्ला समयमा बढ्दै गएको डेंगीको संक्रमण यसको ज्वलन्त उदाहरण भएको बताए । विगतमा पहाडी भेगमा पशुवस्तुमा हुने रोग तथा संक्रमण हिमाली भेगमा नहुने गरेकामा अहिले भने लम्पी स्किन जस्ता रोगले सताउन थालेको उनले जानकारी दिए ।

'पानी नपर्ने हिमाली बस्तीमा पानी पर्न थालेपछि माटाले छाइएका घर चुहिन थालेका छन्,' उनले भने, 'जस्ताले छाउन नसक्ने आर्थिकरूपमा विपन्न समुदायका लागि यो गम्भीर चुनौती बनेको छ ।'

कागबेनीमा भएको क्षति र यसको पुनर्निर्माण सम्बन्धमा सरकारी तवरबाट राष्ट्रिय जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको प्राविधिकसहितको टालीले स्थलगत निरिक्षण गरेको बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका प्रशासकीय अधिकृत होमबहादुर थापा मगरले जानकारी दिए । प्राधिकरणले यस सम्बन्धमा प्रतिवेदन तयार गर्ने र त्यसपछि पुनर्निर्माणका काम बढ्ने उनले बताए । कागबेनीको क्षतिका सम्बन्धमा नेपालस्थित अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग(युएसएआइडी)को टोलीले पनि अध्ययन गरेको उनले बताए ।

पुनर्निर्माणका लागि यहाँको भौगोलिक अवस्थिति, नदी प्रणालीको विगतको अवस्था आदि सम्बन्धमा अध्ययन गर्नुपर्ने आवश्यकतालाई समेत दृष्टिगत गर्दै काम अघि बढाउनेगरी कुरा भइरहेको बताउँदै उनले अध्ययन प्रतिवेदन प्राप्त भएपछि पुनर्निर्माण कार्य अघि बढ्ने बताए । गत भदौ १५ गते बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको गाउँसभाको अधिवेशनले रकमान्तर गरेर कागबेनी वस्ती पुनर्निर्माणका लागि ४० लाख रूपैयाँ विनियोजन गरेको उनले जानकारी दिए । *रासस*

## टोखामा 'प्रथम कर सप्ताह'

# चालु आवमा आठ करोड कर संकलन

**काठमाडौं (प्रस)–** टोखा नगरपालिकाले आयोजना गरेको 'प्रथम कर सप्ताह' सम्पन्न भएको छ । 'टोखाको विकास र समृद्धिको आधार, दिगो र फराकिलो स्थानीय कराधार' भन्ने मूल नारामा गत असोज १४ गतेदेखि सुरु भएको 'प्रथम कर सप्ताह' शनिबार सम्पन्न भएको हो ।

प्रथम कर सप्ताहको अवसरमा टोखाले शनिबार आयोजना गरेको पत्रकार सम्मेलनमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर विसीले नगरपालिकाको आन्तरिक स्रोत वृद्धि गर्दै करको दायरालाई फराकिलो बनाउन कार्यपालिकाको बैठकको निर्णयानुसार कर सप्ताह आयोजना गरिएको बताए । उनले टोखा नगरपालिकाले कूल बजेटको जम्मा १० देखि १३ प्रतिशतमात्र आन्तरिक कर उठाएको बताए ।

टोखाले उठाउने करमध्ये सबैभन्दा बढी सम्पत्ति करमा ५० प्रतिशत, व्यावसायिक कर ३३ प्रतिशत, घरबहाल कर १६ प्रतिशत र अन्य शीर्षकअन्तर्गत १० प्रतिशत रहेको छ । टोखाले आव २०७९/८० मा २३ करोड १४ लाख एक हजार रूपैयाँ राजस्व संकलन गरे पनि चालु आवमा झण्डै ३० करोड रूपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेको छ । सो नगरपालिकाले चालु आवमा आठ करोड सात लाख रूपैयाँ राजस्व संकलन गरिसकेको प्रमुख प्रशासकीय अधिकृत विसीले बताए ।

नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले टोखाले आन्तरिक कर प्रणालीलाई मजबुत बनाउनका लागि कर सप्ताह आयोजना गरेको बताए । उनले कर सप्ताहले राजस्व संकलन वृद्धि हुनेमा विश्वास व्यक्त गरे । असोज १४ गतेदेखि सुरु गरिएको प्रथम कर सप्ताहमा पहिलो दिन प्रभातफेरी तथा उद्घाटन कार्यक्रम, असोज १५ गते उद्योगी, व्यवसायी र नगरवासीलाई करको बारेमा जानकारी गराउने उद्देश्यले घरदैलो अभियान, असोज १६ गते वडावासीलाई करको बारेमा अवगत गराइएको थियो ।

यस्तै, असोज १७ गते घरदैलो अभियान, असोज १८ गते कर सचेतनासम्बन्धी सडक नाटक र विद्यालयस्तरीय वक्तृत्वकला, १९ गते खेलकुद प्रतियोगिता र अन्तिम दिन अन्तरक्रिया तथा पत्रकार सम्मेलनको आयोजना गरिएको थियो । नगरपालिकाका उपप्रमुख मुरारी तामाङले टोखाको करको दायरलाई फराकिलो बनाउँदै टोखा नगरको विकासका लागि उक्त कार्यक्रम आयोजना गरिएको बताए । सो नगरपालिकाले बढी कर तिर्ने करदातालाई पुरस्कार तथा सम्मानसमेत गरेको छ । काठमाडौंको उत्तरी क्षेत्रमा अवस्थित टोखामा ११ वडा रहेका छन् ।

# नेपाल–भारत परामर्श समूहको १५औं बैठक सम्पन्न



**काठमाडौं (प्रस)–** सुरक्षासम्बन्धी भारत-नेपाल द्विपक्षीय परामर्श समूहको पन्ध्रौं बैठक पोखरामा सम्पन्न भएको छ ।

बैठकमा पारस्परिक सुरक्षा, प्रतिरक्षा सामग्रीको आपूर्ति, प्रशिक्षण तथा क्षमता अभिवृद्धि, संयुक्त सैन्य अभ्यास, विपद् व्यवस्थापनमा सहकार्य र सूचनाको आदानप्रदानलगायत विषयमा छलफल भएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

बैठकमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व परराष्ट्र मन्त्रालयको दक्षिण एसिया महाशाखाका प्रमुख भृगु ढुंगानाले गरेका थिए भने भारतीय टोलीको नेतृत्व विदेश मन्त्रालयको उत्तर महाशाखाका सहसचिव अनुराग श्रीवास्तवले गरेका थिए । दुवै प्रतिनिधिमण्डलमा रक्षा, परराष्ट्र एवं गृह मन्त्रालय तथा भारतीय र नेपाली सेनाका निर्देशनालयका अधिकारीहरुको सहभागिता थियो ।

द्विपक्षीय सुरक्षा सहकार्य प्रवर्द्धन गर्ने उद्देश्यले २० वर्षअघि नेपाल-भारत द्विपक्षीय परामर्श समूह गठन भएको हो । सुरक्षासम्बन्धी सहकार्य गर्ने भारत र नेपालबीचको यो एउटा महत्त्वपूर्ण संस्थागत संयन्त्र हो ।

## नेपालबाट मनसुन बाहिरियो

**काठमाडौं (प्रस)–** नेपालको सुदूरपश्चिम तथा कर्णाली प्रदेशको पश्चिम भू-भाग भएर यस वर्षको मनसुन बाहिरिएको छ । बाँकी भू-भागबाट पनि केही दिनमा मनसुन बाहिरिने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । महाशाखाले शुक्रबार राति विशेष मौसम बुलेटिन निकालेर नेपालबाट मनसुन बहिर्गमन सुरु भएको जनाएको हो ।

महाशाखाका मौसमविद् गोविन्दकुमार झाका अनुसार नेपालबाट मनसुन पूर्णरूपमा बाहिरिन अझै केही दिन लाग्नेछ । 'देशको पश्चिम भेग भएर शुक्रबारबाट मनसुन बाहिरिन सुरु भएको छ । बाँकी भेगमा मनसुन कायमै रहेकाले आगामी तीन दिन हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ,' उनले झाले भने ।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

तेस्रो पटक प्रकाशित मिति : २०८०/०६/२१

यस कम्पनीको विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०६/१० को स्वीकृति अनुरुप साविक कम्पनी **लिड एजुकेशन कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि.नं. ११३४८१/०६९/०७०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्न बुझाउन पर्ने दायित्व आदि परिवर्तित नामको कम्पनी **एजुकेट इन्टरनेशनल नेपाल प्रा.लि.** ले सकार्ने व्यहोर्ने गरि कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सुचनाद्धारा जानकारी गराईन्छ ।

**काठ बिक्री लिलाम सम्बन्धी १५ दिने सूचना**

दोस्रो पटक प्रकाशित मिति : २०८०/०६/२१

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७९/२०८० मा संकलन गरी समूहको घाटगद्दीमा भएको खयर काठ यस समूहका उपभोक्ताहरुलाई/छिमेकी समूहका उपभोक्ताहरुलाई खपत नहुने हुँदा समूहको घाटगद्दीमा मौज्दात रहेको खयर ४९ थान गोलिया ५०४.०९ क्यु. फिट काठ सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नु पर्ने भएकाले मूल्य अभिवृद्धि करमा दर्ता भै वन पैदावर सम्बन्धी कारोबार गर्ने काष्ठ व्यवसायी व्यक्ति/ फर्म वा कम्पनी/ उद्योगले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र यस सा.ब.उ.स. कार्यालयबाट बोलपत्र खरीद गरी शिलबन्दीको बोलपत्र १५ औं दिन ३:०० बजे भित्र यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न हुन सम्बन्धी सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

विस्तृत जानकारीको लागि सूचना यस सा.ब.उ.स. को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत सूचना टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ ।

**श्री धाइया सलानी सामुदायिक वन उपभोक्ता समूह**
गोदावरी नगरपालिका-१०, कैलाली

**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : TECHNOMARS GENERAL CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०७६/११/०६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२० LT. No. 257989 चलानी नं. ६०१७५२५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder/Blacksmith | 20 | 0 | 1300 | ४२,७३५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Concrete Mason/Carpenter | 17 | 0 | 1300 | ४२,७३५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः**

अन्जली ट्रेडिङ सेन्टर, इटहरी, मिति: २०८० असोज २८ गते (15th Oct. 2023) मा हुनेछ ।

पाथिभरा ट्रेडिङ सेन्टर, दमक (१०-१ बजेसम्म), सिपी होटल बिर्तामोड (२-५ बजेसम्म) मिति: २०८० असोज २९ गते (16th Oct. 2023) मा हुनेछ ।

संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज ३० गते (17th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MBK OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ५४२/०६१/०६२
Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Fax:- + 977-1-4989762
Email: mbkoverseas@gmail.com, www.mbkoverseas.com.np
Contact: 9841935884, 9841541592, 9808658844, 9842716845, 981533303

**STORM MOTORS**

Model – A13
Price – RS 1,60,000/-



STORM METIER PVT.LTD.
Balkumari, Lalitpur
Contact No: 9807462254

**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति २०८०/०६/२१ गते)

काला कुमालको नाति जेबुवा कुमाल/मन रुपी कुमालको छोरा दिल माया कुमालको श्रीमान नवलपरासी जिल्ला, परसौनी न.पा., वडा न ०९ (हाल नवलपरासी जिल्ला, परसौनी न.पा. वडा नं. ०९) बस्ने होम बहादुर कुमाल (ना.प्र.नं १६१/२८७६१, जारी मिति २०४६/०१/१४, जिल्ला प्रशासन कार्यालय, नवलपरासी) को मिति २०७९/११/०१ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको अरुणखोला शाखामा रहेको संयुक्त खाता देवेन्द्र बहादुर कुमाल/होम बहादुर कुमाल/माया कुमालको खाता नं. १३१००८१३९९०००००६ मा रहेको मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको साथीले यस बैंकको अरुङखोला शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय अरुणखोलामा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय अरुणखोला, नवलपरासी फोन नं. ०७८-५५५२९६/९७/९८

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# ताजा जनादेशमा जाऊ

**चुनावका बेला दलहरूले नारा दिएका थिए- स्थायी सरकारको । कोशी प्रदेशमा भइरहेको राजनीतिक खिचातानीले भने त्यसलाई खारेज गरिदिएको छ । किनभने त्यहाँ १० महिना पुगनपुग हुँदै पाँचौंपटक सरकार गठनको प्रक्रिया अघि बढेको छ । प्रदेश प्रमुख परशुराम खापुङले संविधानको धारा १६८ को उपधारा (५) अनुसार सरकार गठनका लागि यही २६ असोजको बेलुकी ५ बजेसम्मको समय दिएका छन् । यसपछि गठबन्धन दलहरू सरकार गठन गर्ने सूरमा छन् । मुख्यमन्त्रीका लागि गठबन्धन दलहरूमा तँछाडमछाडको स्थिति निम्तिएको छ ।**

**मुख्यमन्त्रीका दाबेदारहरू काठमाडौं आउँदै छन् । शीर्ष नेताहरूसँग 'लबिइङ' गर्ने उनीहरूको चाहना छ । तर, गठबन्धन दलहरूलाई पनि सरकार गठनमा सहजता हुने छैन । यदि, सरकार गठन उपधारा (५) अनुसार नभए प्रदेश मध्यावधि निर्वाचनमा होमिनेछ ।**

**तर, संविधानको यस प्रावधानलाई सहमतीय सरकार गठनको आधार ठान्ने गरिन्छ । यसले गर्दा कोशीका दलहरू के सहमतीय सरकारका लागि तयार छन् ? यदि, संघमा जे भए पनि प्रदेशमा समझदारी कायम गरेर सहमतीय सरकार गठन गरेको खण्डमा तत्कालका लागि प्रदेश मध्यावधि निर्वाचनमा जाने छैन । यद्यपि, विकसित राजनीतिक घटनाक्रमलाई आधार मान्दा पनि त्यो सम्भावना न्यून छ । यसको मतलब प्रदेश मध्यावधि निर्वाचनमा जाने सम्भावना अधिक छ ।**

**जबकि, कोशीका दलहरूलाई चिन्ता भने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को छ । नयाँ दल रास्वपाले गत वर्षको ४ मंसिरमा भएको निर्वाचनमा अनपेक्षित मत प्राप्त गरेर संघीय संसद्को चौथो दल भएको पृष्ठभूमिमा पुराना दलहरू त्रासमा छन् । तर, यसरी राजनीतिक खिचातानीमा अल्झिरहनुभन्दा त ताजा जनादेशका लागि मध्यावधि निर्वाचन उत्तम विकल्प हो ।**

**किनभने प्रदेश संसद्मा देखिने नाटक मञ्चनले प्रदेशवासी वाक्कदिक्क भइसके । सरकारप्रति नै जनताको वितृष्णा जागिसक्यो । यसले गर्दा ताजा जनादेशमा दलहरू जान तयार हुनुपर्छ । होइन भने सहमतीय सरकार गठनका लागि अग्रसर हुनुपर्छ । यही तालमा त न प्रदेशको समृद्धि हुन्छ, न विकास नै । यसप्रति दलहरू गम्भीर हुनैपर्छ । जनताले सरकार बनाउन र ढाल्न मात्रै चुनेर संसद् पठाएको होइन भन्ने पनि बोध गर्नुपर्छ । तर, कोशी प्रदेश संसद्मा यस्तै भइरहेको छ । जन जनचाहना होइन ।**

**त्यसै पनि मुलुकमा संघीयता आवश्यक नभएको भन्दै प्रदेश खारेजीको माग चर्किन थालेको छ । यसको मुख्य दोषी दलहरु नै हुन् । किनभने प्रदेशलाई संविधानबमोजिमको अधिकार नदिई निकम्मा बनाउने काम यी नै दलहरु र तिनका वर्तमान नेतृत्वले गरेका हुन् । त्यसैले अब संघीयतालाई स्थायित्व दिन दलहरु सच्चिनुको विकल्प छैन ।**

# ममत्व र सम्मानको लोकपर्व : जितिया



▸▸ हिमांशु चौधरी

प्रकृति र पर्यावरणका विविध पक्षसँग गहिरो साइनोको निरन्तरताको प्रतीक रहेको जितिया पर्वले वनस्पतिक सम्पदाको संरक्षण तथा टेवालाई बल पुऱ्याइरहेको छ । घिरौलाका पात, फूल, तोरीको तेल, खरि, नरिवल, काँक्रा, केराउ, केरा केराको पात, बाँसको पात, पान पूजा सामग्रीका रूपमा प्रयोगले यसको पुष्टि गर्दछ । माटाका स्याल चिल बनाई पूजाले पनि यसको विशिष्टतालाई उजागर गर्दछ । यी वस्तु, सामग्रीबारे शास्त्रीय पक्ष उल्लेख नभए पनि स्थान, क्षेत्र, परिवेशका उत्पादन तथा साधनहरूलाई उपयोग गरी समुचित स्थान, सम्मान, पूजायोग्य र प्रसादका रूपमा महत्त्व दिएको पाइन्छ ।

जनसमुदायका मान्यता र विश्वासलाई लोकपर्वको संज्ञा दिइएको छ । यसमा मानवीय विशिष्ट क्रियाकलाप, दैनिक जीवन र उपलब्धि सन्निहित हुन्छ जसले जीवनशैलीलाई एउटा निश्चित धारतिर डोऱ्याइरहेको हुन्छ । जितिया पर्वमा कुनै शास्त्रीय देवताको नभई लोकदेवताको आराधना गरिन्छ । आमाहरूले सन्तानको दीर्घायु, आरोग्य जीवनको वरदान प्राप्त गर्न लोकदेवताको पूजाअर्चना गर्ने मान्यता छ । सन्तानको रक्षाका लागि कठोर व्रत गरी लोकदेवताबाट आशीर्वादको कामना गर्नु आमाको ममत्वको उत्कर्ष रूप देखिन्छ ।

मातृत्वप्रतिको सम्मानको प्रतीक मानिएको जितिया पर्वमा आमाको सन्तानप्रतिको ममत्वको सांस्कृतिक दिग्दर्शनको बोध हुन्छ । यस पर्वले महिलाहरूको सांस्कृतिक भूमिकालाई उजागर गर्दै शिल्पगत तथ्य, वस्तु, धारणा, अभ्यास, मूल्य र परम्परालाई निर्द्वन्द्व प्रवाहित गर्दछ । मूलतः जितिया व्रत गर्नुले कुनै आकस्मिक खतराबाट रक्षा र वंश वृद्धिको विश्वास पनि पाइन्छ । यसका लागि असोज महिनाको सप्तमीदेखि नवमी तिथिसम्म विधिपूर्वक व्रत गरिन्छ । यो व्रत गर्दा सन्तानको सबै संकट दूर हुन्छ भने विश्वास प्राचीनकालदेखिको मान्यता छ । पौराणिक ग्रन्थमा यो व्रतको महत्त्व महाभारतकालदेखि नै रहेको उल्लेख छ । यसमा मन, वचन र काममा शुद्धतालाई महत्त्व दिई जीवन शक्ति प्रदान गरिएको छ ।

जीवितपुत्रिका व्रत वा जिमुतवाहन व्रत पनि भनिने गरिएको जितिया अत्यन्त नियम निष्ठापूर्वक कठोर उपवासका साथ आमाहरूले जितिया पर्व मनाउने परम्परा रहेको छ । भगवान जिमुतवाहनले सन्तानको रक्षा एवं कल्याण गर्छन् भन्ने आस्था छ । यसका लागि आमाले जिमुतवाहन देवताको निर्जला व्रत बसी प्रार्थना बस्छन् । वर्तमानमा जितिया धार्मिक अनुष्ठान र सांस्कृतिक लोकपर्वका रूपमा सीमित नरही विशिष्ट उत्सव स्वरूप पनि धारण गरेको छ । परिणाममा पर्व सुरु हुनुपूर्व विभिन्न स्थानमा संरक्षण, सांस्कृतिक जागरणमूलक उत्सवको आयोजन गरी लोकपर्वको सांस्कृतिक आधार प्रस्तुत गर्ने क्रम बढेको देखिएको छ ।

प्रकृति र पर्यावरणका विविध पक्षसँग गहिरो साइनोको निरन्तरताको प्रतीक रहेको जितिया पर्वले वनस्पतिक सम्पदाको संरक्षण तथा टेवालाई बल पुऱ्याइरहेको छ । घिरौलाका पात, फूल, तोरीको तेल, खरि, नरिवल, काँक्रा, केराउ, केरा केराको पात, बाँसको पात, पान पूजा सामग्रीका रूपमा प्रयोगले यसको पुष्टि गर्दछ । माटाका स्याल चिल बनाई पूजाले पनि यसको विशिष्टतालाई उजागर गर्दछ । यी वस्तु, सामग्रीबारे शास्त्रीय पक्ष उल्लेख नभए पनि स्थान, क्षेत्र, परिवेशका उत्पादन तथा साधनहरूलाई उपयोग गरी समुचित स्थान, सम्मान, पूजायोग्य र प्रसादका रूपमा महत्त्व दिएको पाइन्छ । पूजामा आउने यी विविध वनस्पति, जीवजन्तु तथा पोखरी आदिको प्रसंगले प्रकृतिप्रतिको सचेतना सदियौंदेखि जारी रहेको बोध गराउँछ ।

लोककल्याणका पक्षहरूलाई सांस्कृतिक आवरणका संरक्षण दिँदै समाजका हरेक जातिले यो पर्व मनाउने गर्दछन् । मातृत्व पक्षप्रति सम्मान गरी सांस्कृतिक अविभाज्य अंगका रूपमा जीवन शक्ति प्रदान गरिरहेको छ । आफ्ना दिवंगत सासुका साथै दिवंगत आमा तथा अन्य पूज्य महिलाप्रति श्रद्धास्वरूप पितराइन खुवाउने गरिन्छ । पर्वले मानवीयता, समानता, प्रकृति, पर्यावरण आदिलाई संरक्षण एवं प्रवर्द्धन गर्न गतिलो स्थान प्रदान गरेको छ । जितिया पितृ पक्षअन्तर्गत पर्दछ । पितृ पक्षमा पुरुष वर्गले आफ्ना दिवंगत पितृलाई पक्षभरि नै तर्पण दिने गर्दछन् भने महिला वर्गले जितिया व्रतमा दिवंगत महिलालाई नैवेद्य अर्पण गर्ने गर्दछन् ।

जितियामा सप्तमी तिथिमा व्रतार्थी स्नानादि गरी पवित्र भई घिरौलाको पातमा तोरी वा सर्स्युंको तेल र पिना (खरि) चढाएर जिमुतवाहन देवताको पूजा गरिन्छ । यसलाई तेलखरि भनिन्छ । यो तेलखरि प्रसादस्वरूप घरका सबैले टाउकोमा लगाउने गर्दछन् ।

सप्तमी तिथिकै दिन दिवंगत महिलाप्रति श्रद्धास्वरूप नैवेद्य अर्पण गरी महिलालाई निम्तो दिई भोज गर्ने चलन पनि रहेको छ, जसलाई पितराइन भनिन्छ । यसै दिन सधवाले कोदो (मरूवा) रोटी र माछा खाने परम्परा रहेको छ । शाकाहारी हुनेले गम्हरी (कोसाभित्रै फल्ने धान) को खीर वा भात पनि खाने चलन छ । सो दिन नैवेद्यमा गहुँको पिठो र गुड मिसाएर पकाइएको पकवान, चामल, दाल, दही, च्यूरा, खीर, रोटी, दूध, चिनीजस्ता वस्तुहरू आफ्ना कुलवंश, रीति परम्पराअनुसार चढाइने गरिन्छ ।

सोही तिथिको रातिको अन्तिम प्रहरमा व्रतार्थी दही, च्यूरा । फल, अमोट, मिष्ठान आदि खाने गर्दछन्, जसलाई ओठङन भनिन्छ । यसरी खाइसकेपछि व्रतार्थी जलपात्रमा जल लिई घरको दैलोको छेउमा भित्तामा अडेस लगाएर पानी पिउने गर्दछन् । जितिया व्रत अष्टमी तिथिको व्रत भएकाले अष्टमी तिथि रहुञ्जेलसम्म निराहार बसिन्छ । नवमी तिथिमा स्नानादि गरी पवित्र भई पूर्ववत् जिमुतवाहनलाई नैवेद्य अर्पण गरी प्रसाद ग्रहण गरिन्छ । यसरी व्रतको पारण गरिन्छ । यस पर्वमा थुक पनि निल्न नहुने र ३६ घण्टासम्म निराहार उपवास व्रतमा बसी व्रतलाई खण्डित पनि गर्न नपाउने नियम रहेकाले यो पर्वलाई कठोर पर्वका रूपमा पनि लिइन्छ ।

विशेषरूपले आइतबार र मंगलबार पर्ने जितियालाई अधिक महत्त्व दिइन्छ । यसलाई खर जितिया पनि भनिन्छ । कुनै व्यक्ति ठूलो दुर्घटनाबाट बाँच्न सफल भयो भने उसको आमाले खर जितिया गरेकी रहिछन् भन्ने मान्यता रहेको छ । जितिया पर्वको मुख्य उद्देश्य मोक्षप्राप्ति र परिवारको कल्याणको कामना गरिन्छ ।

अष्टमीका दिन व्रतालुले नजिकको पोखरी, तलाउमा स्नान गरी भगवान् सूर्यलाई अर्घ अर्पण गर्छन् । त्यसपछि व्रतको संकल्प गर्छन् र घरमा आएर डाली भर्ने गरिन्छ । डालीमा नरिवल, काँक्रो, स्याउ, केरालगायतका फलफूल राखेर नयाँ कपडाले छोपिन्छ । मध्याह्नतिर टोलभरिका महिलाले एक ठाउँमा भेला भएर जिमुतवाहन व्रतको महत्त्व, पर्वको शुभारम्भ, जिमुतवाहन देवताका बारेमा व्रतालु महिलाले कथावाचन गर्छन् र सबैले कथा श्रवण गरेपछि आ-आफ्ना घर फर्किन्छन् । साँझतिर आँगनमा गाईको गोबरले लिपपोत गरेर एउटा सानो खाल्डो खनेर पोखरीको निर्माण गरिन्छ । त्यो पोखरीको डिलमा पाकडी रुखको सानो हाँगा गाड्नुका साथै हाँगामा माटोको चिलको आकृति र हाँगामुनि स्यालको आकृति बनाउँछन् । त्यहाँ जलले भरिएको कलशमा कुशको जिमुतवाहनको मूर्ति राखिन्छ र फलफूल लिएर जिमुतवाहनको व्रतालु महिलाले पूजापाठ गर्छन् ।

भविष्य पुराणका अनुसार शालिवाहन राजाका पुत्र जिमुतवाहन थिए । उनीमाथि महादेवको असिम कृपा रहेकाले नियम निष्ठाले व्रत गर्ने महिलालाई सन्तान दीर्घायु हुने वरदान भगवानबाट प्राप्त गरेका थिए । हिन्दू धर्मको विभिन्न पर्वमा कतिपय चरा र जनावरलाई विशेष महत्त्व दिएर पूजा गरेर सम्मान दिने परम्परा छ । सोही अनुरूप गाई, परेवा, काग, कुकुर, हाँस, बाघ, मुसोलगायतका जनावरको पूजा गरिन्छ भने जितिया पर्वमा चिल र स्यालको पूजा गर्नुपर्ने हुन्छ । चिल र स्याललाई नैवेद्य चढाउनुले पशुपक्षीप्रति समेत आत्मीयता र श्रद्धा प्रदर्शित भएको देखिन्छ ।

कनकावती नगरको मध्यभागस्थित नर्मदा नदीको डिलमा पाकरीको रुखको फेदमा स्याल बस्थ्यो भने हाँगामा चिल । दुईवटैको बीचमा घनिष्ठ मित्रता थियो । एक दिन जितिया पर्व मनाउने महिलाले नर्मदा नदीमा स्नान गरी त्यही रुखको फेदमा बसेर जिमुतवाहन देवतालाई प्रसाद चढाएर कथा वाचन गरेका थिए । व्रतालु महिलाको कथा सुनेर चिल र स्याललाई पनि जितिया व्रत गर्ने इच्छा जागृत भयो । दुवैले सल्लाह गरी व्रतमा बस्ने निधो गरे । सोही राति नर्मदा नदीको डिलमा एक व्यापारीको छोराको दाहसंस्कार गरियो ।

मृतकका आफन्तले शवको अधिकांश भाग जलेपछि छोडेर घर फर्के । उनीहरू फर्केर गएको देखेर स्याललाई मृतकको मासु खाने इच्छा जाग्यो र साथी चिललाई थाहै नदिई मासु पनि खायो र केही लुकाएर पनि राखेको चिलले हेरिरहेको थियो । कालक्रममा प्रयागको कुम्भ मेला दुवैको मृत्यु भयो । कुम्भमा मृत्यु भएका कारण दुवैको जन्म वेदका ज्ञाता भास्कर नामक ब्राह्मणको घरमा भयो । पूर्वजन्ममा चिलको शिलावती र स्यालको कर्पुरावतीका रूपमा जन्म भयो । जेठी शिलावतीको विवाह धनवानको घरमा र कर्पुरावतीको राजाको घरमा । जेठी शिलावतीका सात छोरा भए तर महारानी भएकी कर्पुरावतीको छोरा जन्मियो तर मृत्यु भयो ।

वर्षौंपछि दुवैको सम्बन्ध चिसिँदै गएपछि जेठी शिलावतीले आफ्नी बहिनीलाई पूर्वको घटना स्मरण गराउँदै व्रत भंग गरेको कारण यस जन्ममा तिम्रो सन्तानको मृत्यु भएको भनी जानकारी गराएको धार्मिक ग्रन्थमा उल्लेख गरिएको छ । जितिया व्रतमा प्रयोग हुने तोरी वा सर्स्यूको तेल, पिना, घिरौलाको पात, नैवेद्यका वस्तुहरू स्वास्थ्य र संस्कृति दुवै दृष्टिले महत्त्वपूर्ण मानिन्छ । व्रतको एक दिन पहिले कोदोको रोटी र माछा तथा एक दिनपछि केराउ मिसाइएको साग खानुपर्ने व्यवहारले खानपान र विविधताको पहिचान गराउँछ । ओठङनको समयमा पानी खाने बेलामा भन्ने मन्त्रले दाजुभाइ तथा दिदीबहिनीबीच आत्मीयताको बोधका साथै सांस्कृतिक मान्यता प्रतिबिम्बित भएको पाइन्छ ।

जितिया पर्वलाई दसैं आगमनको संकेतका रूपमा पनि लिइन्छ । कतिपय महिलाले यस पर्वमा पुर्खालाई समेत पूजा गर्ने गरेको पाइन्छ । यस पर्वमा आफ्ना कुलका मृत श्रेष्ठ महिलाको स्मरण गर्दै पूजन गरिन्छ । छोरा र छोरीमा भेद्भाव गर्नुहुन्न भन्ने चेतना बढ्दै गएकाले यसलाई अचेल आफ्ना सन्तानको कल्याणका लागि मनाइने पर्व पनि भन्न थालिएको छ । यो व्रत खण्डित हुँदा सन्तानलाई अनिष्ट हुने जनविश्वास रहेकाले यस पर्वले सामाजिक, धार्मिक र सांस्कृतिक विविधतालाई पनि सामाजिक संरचनाकै अभिन्न पर्वका रूपमा बुझ्नु जरुरी छ । पारिवारिक जीवन सुखमयको कामना, पितृवर्गप्रति कुलपुवर्गले मात्र नभई कुल वधू वर्गले समेत श्रद्धा व्यक्त गर्ने, खानपानको विविधताको पहिचान, सामाजिक सद्भाव वृद्धि, आमाद्वारा सन्तानप्रति ममत्व र समतामूलक सभ्य समाज निर्माण गर्नेतर्फ प्रेरणा एवं उत्साह प्रदान गरी मौलिक संस्कृतिको मूल स्वरूप दृष्टिगोचर हुन्छ । *रासस*

## मननयोग्य

### चाणक्य नीति

राक्षसले आफ्ना विश्वस्त योद्धा छानेर भेला गरी कार्यक्रम हुने दिन अगावै त्यो सुरुङका माध्यमबाट महल तलको गर्भगृहमा पुऱ्याएका थिए । गृहप्रवेशको समय पनि आयो । सम्पूर्ण रूपबाट महल सिँगारिएकी नववधुजस्तो चम्किरहेथ्यो, मुख्य सुरक्षा अधिकारीले सबै महलको सुरक्षा ठीक भएको जानकारी चाणक्यलाई दिए।

सबैतिरको निरीक्षण भइसकेको थियो तर चाणक्यको चैतन्यले भन्थ्यो अहं म पनि आफैं महलको निरीक्षण गर्दछु त्यसपछि मात्र गृहप्रवेशको कार्यक्रम हुनसक्छ' भनी सुरक्षा अधिकारी र केही सैनिकहरू साथ लिई फेरि महलको सूक्ष्म निरीक्षण गर्न लागे चाणक्यले ।

सबैतिर त ठीकै थियो अचानक चाणक्यको दृष्टि महलको तल्लो भागबाट मुखमा अन्नका कणहरू लिई आफ्नो गन्तव्यतिर जाँदै गरेको केही कमिलाको समूहमा पऱ्यो ।

चाणक्य सोच्न लागे- 'यो सँगमर्मरको तलामा कहाँबाट अन्न आयो । सबै महल स्वच्छ छ र चमचमाइरहेछ । मस्तिष्कमा एक विचार उत्पन्न हुनासाथ आवेगमा सुरक्षा अधिकारीलाई आदेश दिए महल चारैतिरबाट घेरी यसमा तुरुन्त आगो लगाइदेओ । आदेशको तुरुन्त पालन भयो ख्यालठट्टैमा महलमा आगाको मुस्लो निस्कदै बल्न लाग्यो । यता चन्द्रगुप्त किंकर्तव्यविमूढ भई चाणक्यपट्टि हेर्दै रिसाइरहेका थिए । यस्तो सुन्दर महल यसरी खरानी बन्दा रिस उठ्नु पनि स्वाभाविकै थियो । चाणक्य भने एउटा किनारामा उभिई अलि-अलि हाँसी रहेथे ।

केही समयपछि आगामा मासु जलेको दुर्गन्ध आउन थाल्यो । मनुष्यमांस जल्नाले सबै उत्सुक भई यताउति हेर्थे तर त्यहाँ केही पनि देखिएन । अन्तमा चाणक्यले बताए तलको तहखानामा जसको हामीलाई थाहा थिएन राक्षसका सैनिक लुकेका थिए। रातमा हमला गर्ने उनीहरूको योजना थियो ।

चन्द्रगुप्तलाई वास्तविकताको ज्ञान भएपछि अत्यन्त ग्लानि भयो। तर, चाणक्यले सबै जान्दछन् जस्तो भई भने- 'राजाले हरपरिस्थितिमा शान्त रहनुपर्छ यदि राजाले आफ्नो विवेक हराउँछ भने त्यसबेला उसले आफ्नो र राज्यको हानि (क्षति) गराउछ । *क्रमशः*

## पत्र-मञ्जुषा

# व्यक्ति केन्द्रित बन्दै नेपाली समाज

दसैं नजिकिएसँगै सबैलाई आफ्नो घर सफा गर्न भ्याइनभ्याइ छ । घरमा रङरोगन गर्ने, कम्पाउण्ड सफा गर्ने काम धमाधम भइरहेको छ । गेटभित्रसम्म सफा गरिरहँदा बाहिरको अवस्था भने उही नै छ । आफ्नो गेटबाहिरको सडकसम्म पनि सफा गर्दैनन् । आखिरी हिँड्ने त उनीहरु पनि हुन् । बाटोघाटो, आकाशे पुल, मठमन्दिर, सार्वजनिकस्थलको हाल बेहाल छ ।

ऐतिहासिक धरोहरहरु चर्किँदै, भत्किँदै गएका छन् । तर, त्यसको मर्मत सम्भार, सरसफाइमा कसैको ध्यान जान सकेको छैन । सडक निकै फोहोर छन् । आकाशे पुलको अवस्था पनि उही छ । सार्वजनिकस्थल सबैका लागि हो । यद्यपि, कसैले त्यसको सरसफाइ, संरक्षणमा चासो दिएका छैनन् । हामी नेपाली आफ्नो घर चिटिक्क बनाउँछौं, फोहोर ल्याएर सडकमा फ्याँक्छौं ।

सफा गर्न दायित्व सरकारको मात्र होइन । स्थानीय बासिन्दाले आफ्नो घरअगाडिको सडक आफैंले सफा गर्नुपर्छ । स-साना कामका लागि पनि सरकारको मुख ताक्नुपर्छ भन्ने छैन । छरछिमेक मिलेर घरअगाडिको बाटोघाटो सफा गर्ने हो भने त्यहाँ फोहोर नै थुप्रिँदैन । बत्ती हाल्ने, रङरोगन गर्ने काम त स्थानीय आफैंले पनि गर्न सक्छन् । यति जाबो कामका लागि सरकार नै चाहिन्छ भन्ने छैन ।

काठमाडौं उपत्यकाभित्र होस् या बाहिरी जिल्ला, टोलको नामाकरण गर्ने, गेट राख्ने अनि टोल सुधार समिति गठन गरेर पैसा खाने । बाठाहरुले टोल सुधारको नाममा घरधनीबाट पैसा उठाउने, सरकारबाट बजेट लिने अनि झ्यापझुप बनाउने । यहाँ नेता, सरकारी कर्मचारीदेखि लिएर सर्वसाधारणलाई नाटक गर्न कसैले भ्याउँदैन । नाटक गर्नमा यिनीहरुले कलाकारलाई जितिदिन्छन् ।

यसको गतिलो उदाहरण बागमती सरसफाइ अभियान बन्न सक्छ । २०७० सालमा मुख्यसचिव लिलामणि पोखरेलमा बागमती सरसफाइ अभियान चलाए । जनताले तिरेको अर्बौं रूपैयाँ अभियानको नाममा सकियो । विभिन्न विदेशी संघसंगठनले सहयोग गरे । बागमती सफाइका लागि विभिन्न व्यक्तिले पनि सहयोग गरे । तर, खोइ त उपलब्धि ? अभियान चलाएको त एक दशक बितिसकेको छ ।

यद्यपि, अवस्था भने उही नै छ । हरेक साताको शनिबार सरकारी कर्मचारी, सर्वसाधारण सरसफाइको नाममा बागमती किनारमा पुग्थे । त्यहाँ गएर फोटो खिचाउने अनि पैसा पचाउने काममात्रै भयो । टाठाबाठाहरुले त्यहाँ ठूलो रकम भ्रष्टाचार गरेका छन् । डोको, पञ्जा, ज्याकेट, टोपी, जुत्ता, साभेललगायतका सामान किन्दा धेरै भ्रष्टाचार भयो । सय रूपैयाँको सामानलाई ३०० रूपैयाँ बनाए ।

सय वटा सामान किनेर बिलचाहिँ ३०० वटाको बनाइयो । अहिले टोलटोलमा गेट राख्दा पनि भ्रष्टाचार भएको छ । उपभोक्ता समितिले चार गुणा बढी रकम राखेर भ्रष्टाचार गरिरहेका छन् । झन् यो टोल सुधार समितिमा त यति भ्रष्टाचार हुन्छ, के भन्ने ? खानेपानीमा पनि भ्रष्टाचार, ढलमा पनि । बाटोघाटो निर्माणमा पनि भ्रष्टाचार हुँदै आएको छ ।

समितिमा बसेकाहरुले उपभोक्ता समितिका नाममा आफ्नो मान्छे छिराएर भ्रष्टाचार गरिरहेका छन् । पछिल्लो समय यी कार्य झनै बढिरहेको छ । जताततै भ्रष्टाचार मात्रै छ । सहर सुन्दर बनाउनका लागि यतिका निकाय छन् । मन्त्रालय, विभाग, स्थानीय तह, समितिलगायत कैयौं निकाय सञ्चालनमा छन् । तर, जुनसुकै निकाय भए पनि कसैले काम गरेका होइनन् ।

सहर कुरूप बन्दै गएको छ । वास्तवमा भन्ने हो भने सहर कस्तो हुन्छ ? भन्ने नै कसैलाई थाहा छैन । व्यवस्थित सहर बनाउने भनेर सरकारले पटक-पटक घोषणा गरिसकेको छ । तर, प्रगति भने केही छैन । सडकभरि फोहोरको डंगुर छ । हरेक पाइलामा फोहोर भेटिन्छ । सडकमा हिँड्नसमेत महामुश्किल छ । सरकारले ठाउँठाउँमा डस्टबिनको व्यवस्थापनसमेत गर्न सकेको छैन ।

स्थानीय तहहरुले डस्टबिन राख्ने नाममा बजेट झ्वाम्म पार्दै आएका छन् । डस्टबिन नहुँदा सर्वसाधारणले कागज, खानेकुराको प्याकेटहरु सडकमा फ्याँकिदिन्छन् । सडकभरि खानेकुराको प्याकेट यत्रतत्र छरिएका हुन्छन् । तर, सफा कसले गर्ने ? सरकारको ध्यान सबैतिर पुग्न सक्दैन । सबैतिर सरकारले सफा गर्न सम्भव पनि छैन । तर, ठाउँठाउँमा डस्टबिन राखिदिन त सकिन्छ नि ?

अहिले सार्वजनिक काम गर्न कोही रुचाउँदैनन् । कसैले मठमन्दिर बनाउन, पाटीपौवा निर्माण गर्न, बाटोघाटो सफा गर्न चाहँदैनन् । जबकि त्यो सबैको दायित्व हो । बरु, अरुले बल्लतल्ल सफा गरेको ठाउँमा फोहोर पारेर हिँडिदिन्छन् । श्रमदान गर्ने चलनचल्ती हराएको छ । फुर्सद भयो कि फोन चलाएर बस्छन्, सार्वजनिक काममा कसले ध्यान दिने ? अहिले जति पनि ढुंगेधारा, ताल, पोखरी, आल, पाटीपौवा छ त्यो सबै पहिले नै बनेका हुन् ।

उनीहरुले श्रमदान गरेर बनाएका हुन् । अहिलेका पुस्ताले त भएकालाई पनि मासिरहेका छन् । नयाँ निर्माण गर्न नसके पनि संरक्षण त गर्नुपर्छ । त्यो पनि गर्न सकिएको अवस्था छैन । सरकारले पनि सार्वजनिक काम गर्नुपर्छ भनेर जनतालाई बुझाउन सकेन । किताबमा लेखिएर के गर्नु, व्यवहारमा लागू हुनु कल्पना गर्नुमात्रै हो ।

**– प्रतीक खतिवडा, कलंकी**

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# चार दिनमा बझाङ केन्द्रबिन्दु भएर १५ पटक भूकम्प

■ प्रभाव संवाददाता

**काठमाडौं–** बझाङ केन्द्रबिन्दु भएर शनिबार दिउँसो ११ बजेर ४५ मिनेटमा ५.३ र १२ बजेर ३२ मिनेटमा ४.३ म्याग्निच्युडको भूकम्प गएको छ ।

शनिबारको भूकम्प गत मंगलबार दिउँसो बझाङ केन्द्रबिन्दु भएर गएको ६.३ म्याग्निच्युडको भूकम्पको परकम्प रहेको राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रले जनाएको छ । केन्द्रका अनुसार पछिल्लो चार दिनमा बझाङ केन्द्रबिन्दु भएर १५ पटक भूकम्पका धक्का मापन गरिएका छन् । वरिष्ठ भूकम्पविद् विजयप्रसाद कोइरालाका अनुसार सुदूरपश्चिम क्षेत्रमा ठूलो शक्ति सञ्चित भएर बसेकाले भूकम्पको उच्च जोखिम छ । शनिबारको भूकम्प मंगलबार गएको भूकम्पको परकम्प रहेको उनको भनाइ छ ।

'सन् १५०५ यता त्यहाँ ठूलो भूकम्प गएको छैन । त्यसैले त्यस क्षेत्रमा ठूलो शक्ति सञ्चित भएको छ । दुईवटा प्लेट जुधेर सञ्चित भएको शक्ति निकास हुने भनेकै भूकम्पबाटै हो,' वरिष्ठ भूकम्पविद् कोइरालाले भने, 'मंगलबार मझौला खालको भूकम्प गएकामा त्यसका परकम्प अझै आइरहेका छन् । अझै केही दिन यस्ता परकम्प आउन सक्छन् ।'



सुदूरपश्चिम क्षेत्रमा सञ्चित भएर बसेको शक्ति निकासका लागि कुनै समय ठूलै भूकम्प जानसक्ने अनुमान गरिएको छ । स-साना कम्पनबाट त्यस्तो शक्ति निकास भएमा ठूलो कम्पनको संकट टर्ने कोइराला बताउँछन् । भूकम्प मापन केन्द्रका अनुसार बझाङ केन्द्रबिन्दु भएर यही असोज १६ गते दिउँसो २ बजेर ४० मिनेटमा पहिलो धक्का महसुस भएको थियो । पाँच दशमलव तीन म्याग्निच्युडको उक्त कम्पनको २५ मिनेटपछि बझाङलाई नै केन्द्रबिन्दु बनाएर ६.३ म्याग्निच्युडको भूकम्प गएको थियो ।

यस्तै असोज १६ गते दिउँसो ३ बजेर १३ मिनेटमा तेस्रो, ३ बजेर ४५ मिनेटमा चौथो, ४ बजेर २८ मिनेटमा पाँचौं, ४ बजेर ३१ मिनेटमा छैटौं, पाँच बजेर १९ मिनेटमा सातौं, पाँच बजेर ३८ मिनेटमा आठौंपटक धक्का महसुस भएको थियो । असोज १७ गते राति १२ बजेर १६, १२ बजेर ५०, बिहान ४ बजेर २७ र ५ बजेर ४३ मिनेटमा भूकम्प गएको थियो । बिहीबार राति १० बजेर ५१ मिनेटमा पनि भूकम्पको धक्का महसुस भएको थियो ।

# २१ लाखको अवैध सामान बरामद

**महेन्द्रनगर (प्रस)–** प्रहरीले कञ्चनपुरमा २१ लाख रूपैयाँ बराबरको अवैध सामान बरामद गरेको छ । भारतबाट लुकिछिपी ल्याउने अवैध सामान नियन्त्रणमा प्रहरीले सक्रियता बढाएसँगै राजस्व संकलनमासमेत वृद्धि भएको छ ।

भारतसित सिमाना जोडिएको कञ्चनपुरमा ठूला व्यापारी नै भन्सार छलेर लाखौंको सामान ल्याउने गरेको पाएपछि पछिल्लो समय कञ्चनपुर प्रहरीले दिनहुँ छापा मार्न थालेको छ । दुई दिनयता जिल्ला प्रहरी कार्यालयले भीमदत्त नगरपालिका-६ र १८ मा गोदाममा छापा मारेर भन्सार छलेर ल्याएको २१ लाख रूपैयाँ बराबरको सामान बरामद गरेको हो ।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता प्रहरी निरीक्षक पुष्करराज पन्तका अनुसार गड्डाचौकी नाका हुँदै भारतबाट भन्सार छलेर ल्याएको सामान बरामद गरिएको हो । व्यापारी भुवन भाटको घरमा छापा मार्दा १० लाख रूपैयाँको खाद्य तथा किराना सामान बरामद गरिएको उनले बताए ।

प्रहरी उपरीक्षक कमल थापाले भन्सार छलेर अवैध रूपमा सामान ल्याउने ठूला व्यापारीमाथि निगरानी बढाइएको बताए । सोही क्रममा प्रहरीले शुक्रबार महेन्द्रनगरका व्यापारी सुशील गुप्ताको गोदाममा छापा मारेको थियो । प्रहरीले गोदामबाट ११ लाख रूपैयाँ बराबरको सामान बरामद गरेको प्रहरी उपरीक्षक थापाले जानकारी दिए ।

गड्डाचौकी भन्सार कार्यालयमा पाँच वर्षअघि स्थापना गरिएको उपकरण थन्क्याइएको छ । उक्त उपकरण सञ्चालनका लागि भन्सार कार्यालयले हालसम्म चासो देखाएको छैन ।

# 'डाक्टर पलायन रोक्न चिकित्सा शिक्षा ऐन संशोधन जरूरी'

■ प्रभाव संवाददाता



**मनहरी (मकवानपुर)–** स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले चिकित्सा शिक्षा ऐन संशोधन नभई स्वास्थ्य क्षेत्रमा आमूल परिवर्तन नहुने बताएका छन् ।

नेपाली कांग्रेस मकवानपुरले शनिबार हेटौंडामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा उनले चिकित्सा शिक्षा ऐन संशोधन हुन नसके पाँच वर्षपछि नेपालमा डाक्टरहरू नरहने भन्दै विदेश पलायन हुने अवस्था देखिएको बताए ।

ऐन संशोधन गरेर नेपालमै डाक्टर तथा नर्स अध्ययन गराउने वतावरण बनाउन आफू लागिपरेको मन्त्री बस्नेतले बताए । स्वास्थ्य क्षेत्रमा दक्ष स्वस्थ्यकर्मी उत्पादन बढाउन नसके गुणस्तरीय सेवा प्रदान गर्न नसकिने उनको भनाइ थियो ।

स्वास्थ्य क्षेत्रमा देखिएका अभाव र बेथिति रोक्न निरन्तर लागिरहेको बताउँदै मन्त्री बस्नेतले आफू स्वास्थ्यमन्त्री भएपछि सरकारी अस्पतालका सेवामा आमूल परिवर्तन भइरहेको उल्लेख गरे । अहिले ९५ प्रतिशत डाक्टर गाउँगाउँमा सेवा दिन पुगेको तथ्यांक आफूसँग भएको जानकारी दिँदै उनले १०० दिनमा १०७ काम गरेर देखाएको बताए ।

अबको छ महिनाभित्र स्वास्थ्य क्षेत्रमा भएका सकारात्मक परिवर्तन देखिने बताउँदै उनले आधारभूत स्वास्थ्य सेवा दिने सन्दर्भमा नीतिगत मात्र नभई कार्यान्वयनका पक्षमा पनि आफू अहोरात्र लागिपरेको जानकारी दिए

# सवारी चालक र सहचालकको नियमित स्वास्थ्य परीक्षण

**लुम्बिनी–** बढ्दो सवारी दुर्घटना न्यूनीकरणका लागि सार्वजनिक सवारी चालक तथा सहचालकको नियमित स्वास्थ्य परीक्षण गर्नुपर्ने सरोकारवालाहरूले बताएका छन् ।

चालकलाई समयअनुकूल आवश्यक नीति, नियम र ज्ञानसहित उनीहरूको तनाव व्यवस्थापनका लागि नियमित स्वास्थ्य परीक्षणमा ध्यान दिनुपर्नेमा सार्वजनिक सवारीसँग सरोकार राख्ने निकायका प्रमुख तथा प्रतिनिधिले जोड दिएका हुन् ।

सवारी दुर्घटना न्यूनीकरण तथा आन्तरिक व्यवस्थापनसम्बन्धी अभियानलाई सञ्चालन गर्दै आएको पश्चिम नेपाल बस व्यवसायी प्रालिको आयोजनामा चालक तथा सहचालक प्रशिक्षण कार्यक्रममा सहभागी वक्ताहरूले सार्वजनिक सवारीका चालक तथा कर्मचारीले आफ्नो स्वभाव र व्यवहारमा परिवर्तन ल्याउनुपर्ने खाँचो पनि औंल्याएका छन् ।

कार्यक्रममा राजमार्ग सुरक्षा तथा सवारी व्यवस्थापन कार्यालय बुटवलकी प्रहरी निरीक्षक शोभा पाण्डेले सवारी चालकहरू जिम्मेवार हुनुपर्नेमा जोड दिइन् । सवारी चालकले छिटो गन्तव्यमा पुग्ने र धेरै यात्रु चढाउने प्रतिस्पर्धा मात्रै नगरेर गुणस्तरीय चालक बन्ने प्रयास गर्न चालकहरूलाई उनले आग्रह गरिन् । प्रहरी निरीक्षक पाण्डेले सभ्य भाषा, नम्र बोलीसहितको सेवा नै अचुक औषधि भएको बताउँदै अपांग र आरक्षण सिट कार्यान्वयन गर्नुपर्ने सुझाव दिइन् । पश्चिम नेपाल बस व्यवसायी प्रालिका अध्यक्ष दधिराम खरेलले सवारी चालक, सहचालक, यात्रुहरू सबै जिम्मेवार भए दुर्घटना न्यूनीकरणमा टेवा पुग्नाका साथै बर्सेनि हुने धनजनको क्षतिसमेत कम गर्न सकिने बताए । सार्वजनिक सवारीसाधन प्रयोगकर्ता पनि दुर्घटना न्यूनीकरणका विषयमा उत्तिकै जिम्मेवार हुनुपर्नेमा उनले जोड दिए । सुरक्षित यात्रा नेपालका अध्यक्ष तथा यातायात मजदुर नेता कृष्णप्रसाद बेलबासेले चालक तथा सहचालकले यात्रुहरूसँग नम्र व्यवहार गर्नुपर्नेमा जोड दिँदै दुर्घटना न्यूनीकरण र सवारी व्यवस्थापनका लागि प्रालिले जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिनुपर्ने बताए ।

प्रालिका सञ्चालक तथा सवारी दुर्घटना न्यूनीकरण तथा आन्तरिक व्यवस्थापनका संयोजक नारायणप्रसाद घिमिरेले सवारी चालक तथा सहचालकले आफ्नो सीप, कला र दक्षता बढाउनाका साथै यात्रुहरूसँगको व्यवहारमा सुधार ल्याउनुपर्ने आवश्यकता औंल्याए । *रासस*


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८०/०६/२१**

यस कम्पनीको विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०६/१० को स्वीकृति अनुरुप साविक कम्पनी **लिड एजुकेशन कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि.नं.** ११३४८१/०६९/०७०) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्न बुझाउन पर्ने दायित्व आदि परिवर्तित नामको कम्पनी **एजुकेट इन्टरनेशनल नेपाल प्रा.लि.** ले सकार्ने व्यहोर्ने गरि कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सुचनाद्धारा जानकारी गराईन्छ ।

**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति २०८०/०६/२१ गते)

श्री नैना नन्द गुरागाईको छोरा, कमला देवी गुरागाईको पति, मोरङ्ग जिल्ला, इटहरा वडा नं. ०४ स्थायी बसोबास भई हाल मोरङ्ग जिल्ला, बिराटनगर न.पा. वडा नं. ०५ घर भएका डिल्लीराम गुरागाईको ८० बर्षको उमेरमा मिति वि.सं. २०८०/०४/१९ मा निधन भएकोले निजको नाममा यस बैंकको विराटनगर शाखामा रहेको नागरिक बचत खाता, खाता नं. ००२०१४४५७८७००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाउँ भनी निज खातावालाको पत्नी, कमला देवी गुरागाईले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक/निवेदिका बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय विराटनगरमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय विराटनगर, मोरङ्ग फोन नं. ०२१-५७७१०३/१०४**

**काठ बिक्री लिलाम सम्बन्धी १५ दिने सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८०/०६/२१**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७९/२०८० मा संकलन गरी समूहको घाटगद्दीमा भएको खयर काठ यस समूहका उपभोक्ताहरुलाई/छिमेकी समूहका उपभोक्ताहरुलाई खपत नहुने हुँदा समूहको घाटगद्दीमा मौज्दात रहेको खयर ११२ थान गोलिया ६९३.०५ क्यु.फिट काठ सिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गर्नुपर्ने भएकाले मूल्य अभिवृद्धि करमा दर्ता भै वन पैदावर सम्बन्धी कारोबार गर्ने काष्ठ व्यवसायी व्यक्ति/ फर्म वा कम्पनी/ उद्योगले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिनभित्र यस सा.ब.उ.स. कार्यालयबाट बोलपत्र खरीद गरी शिलबन्दीको बोलपत्र १५ औ दिन ३:०० बजे भित्र यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

विस्तृत जानकारीको लागि सूचना यस सा.ब.उ.स. को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत सूचना टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ ।

**श्री धाइया बेलानी सामुदायिक वन उपभोक्ता समूह**
गोदावरी नगरपालिका-१०, कैलाली

**Invitation for Bids**

**Kailari Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Hasuliya, Kailali**
Date of Publication: **October 8th,2023 (2080/06/21)**

***Kailari Rural Municipality, Office of the Rural Municipal Executive*** invites sealed bids from eligible bidders for the execution of below projects under National Competitive Bidding.

| S.N. | Contract Identification Number | Description of Work | Total Project Cost Excluding VAT & Contingencies (NRs) | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | KRM/NCB/W/80-81/01 | Gobraila Palia Ratanpur Road Blacktop Construction Work | 70,87,971.82 | 2,00,000.00 | 3,000.00 | Electronic Bids Only |
| 2. | KRM/NCB/W/80-81/02 | Dharmapur Ghurahapul To Manau Road Blacktop Construction Work | 71,05,915.72 | 2,00,000.00 | 3,000.00 | Electronic Bids Only |

1. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Kailari Rural Municipality office, Kailali, Phone no. 9848422055, 9858022201 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
2. Bidder May chooses to submit their bid electronically and may download/submit the bidding documents from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Sanchit Kosh (Revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: NIC Asia Bank, Hasuliya, Kailali
Name of Office: Kailari Rural Municipality
Office Account no: 0252055500087014 (For Deposition of Bid Document Charge Rs. 3000.00)
Office Account no: 25CA500087524003 (Dharauti Khata) (In Case of Bid Security Amount Deposition)

3. Pre-bid meeting shall be held at Kailari Rural Municipality, Office at 14:00 pm on 2023/10/29 (2080/07/12).
4. Electronic bids must be Submitted to at Kailari Rural Municipality Office, Hasuliya Kailali through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Noon on **November 08th, 2023 (2080/07/22)**. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 pm on **2080/07/22 (November 08th, 2023)** at the office of Kailari Rural Municipality Office, Kailali. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to minimum of above mentioned in the table for respective project, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing, submission and opening falls on a government holiday, then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
7. In case of discrepancy or error in Tender notice, bid document and other document of the above tender, Kailari Rural Municipality, Hasuliya Kailai reserves right to amend, correct at any time. Such amendment and correction shall be published in the addendum notice in bolpatra.gov.np or national daily newspaper or notice board of the Kailari Rural Municipality Office, Hasuliya, Kailali.

**Chief Administrator Officer**

# प्रभाव दैनिक

रूपशाला


## अस्ट्रेलियामा जनसांस्कृतिक प्रतिष्ठान नेपालको शाखा

अस्ट्रेलियामा जनसांस्कृतिक प्रतिष्ठान नेपालको शाखा गठन गरिएको छ। शनिबार भएको भेलाले निक्स शर्मा (शंकर) को अध्यक्षतामा नौ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन गरेको हो। समितिको उपाध्यक्षमा युवराज शर्मा, सचिवमा सौर्यध्वज आचार्य, सह-सचिवमा गोविन्दा थापा, कोषाध्यक्षमा सरिता गौचन र सह-कोषाध्यक्षमा तिलक आले चयन भएका छन्। सदस्य भने हालका लागि कृष्ण आलेमात्र चयन भएका छन्। अध्यक्ष शर्माका अनुसार बाँकी दुई सदस्य पछि मनोनित गरिनेछ। भेलाको प्रमुख अतिथि संविधानसभा सदस्य सिन्धु जलेसा थिइन्।




आइतबार, २१ असोज २०८० (Sunday, October 8, 2023)


# पाटन संग्रहालयमा तेस्रो अन्तर्राष्ट्रिय चित्रकला प्रदर्शनी

■ प्रभाव संवाददाता



**ललितपुर–** पाटन संग्रहालयमा तेस्रो अन्तर्राष्ट्रिय चित्रकला प्रदर्शनी -२०२३ सुरू भएको छ । प्रतियोगितामा १० देशका कलाकारका सिर्जना समेटिएको छ।

पूर्वपरराष्ट्रमन्त्री तथा नेकपा एमालेका उपमहासचिव प्रदीप ज्ञवालीले यस प्रदर्शनीले नेपालको प्राकृतिक सौन्दर्य, यहाँको विविधतायुक्त कला, भाषा संस्कृतिको वैभवको सन्देश विश्वमा जाने विश्वास व्यक्त गरे । उनले नेपाललगायत विश्वका अन्य नौ देशका कलाकारका सिर्जना एकै स्थानमा प्रदर्शन हुनुले कला र कलाकारको माध्यमबाट विभिन्न देशसँग मैत्रीपूर्ण सम्बन्ध प्रगाढ हुनुको साथै जलवायु परिवर्तनलगायत विविध समस्या बढिरहेको बेला शान्ति र मैत्रीको भावना छर्न प्रदर्शनी सफल हुने आशा व्यक्त गरे ।

कार्यक्रममा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले कलाको बृहत् र अन्तर्राष्ट्रिय भाषा हुन्छ, यस प्रदर्शनीमा नेपाललगायत विश्वका नौ देशका कलाकारका सिर्जनाले शान्ति र सद्भाव फैलाउन सफल होस् भन्दै शुभकामना व्यक्त गरे ।

नेपालका लागि श्रीलंकाका राजदूत बिएन दिल्मिनीले कलाको माध्यमबाट विश्वका विभिन्न देशसँग सम्मान, सद्भाव आदानप्रदान गर्दै मित्रता दरिलो हुने विश्वास व्यक्त गरे । योङ पिकासोद्वारा आयोजित यस कार्यक्रममा कलाकार अजय देशारले लेखेको बालमुकुन्द आचार्यले सम्पादन गरेका पुस्तक 'द इसेन्स अफ आर्ट' लोकार्पण गरिएको थियो ।

योङ पिकासोद्वारा प्रकाशित देशारले उक्त पुस्तकमा कलाको तालिम तथा अध्ययनको प्रारम्भदेखि कलाकारिताका लागि आवश्यक ज्ञान/सिप सरल ढंगले स्केचहरूसहित बुझाउने प्रयत्न गरेका छन् । पाँच दिनसम्म चल्ने यस प्रदर्शनीमा नेपाली कलाकारसहित इजरायल, क्रोएसिया, जर्मनी, जापान, नेदरल्याण्ड, श्रीलंका, फिनल्याण्ड, बेलायतका कलाकारले सहभागिता जनाएका छन् । नेपालका अजय देशार, सितु मास्के, गोविन्दलाल सिंह डंगोल, हरिप्रसाद वैद्य, राजेश महर्जन, रिया बज्राचार्य, अन्य देशका हाना वाराक एञ्जेल, आइरिस ओर्टेगा, मारी तेराउची, ओर्टेगा आल्टा, मिरानो, अचला गुणवर्दना, सुदथ अवयशेखरा मार्गरिटा चाकोनलगायतका चित्रहरू प्रदर्शनीमा राखिएका छन् । सो अवसरमा थारू, कुमारी र थकाली समुदायका सांस्कृतिक नृत्य प्रस्तुत गरिएको थियो । साथै, प्रदर्शनीमा सहभागिता जनाउने सबै कलाकारलाई कदरपत्र प्रदान गरिएको थियो ।

# मेकअप आर्टमै जमेको विक्रमको परिवार

■ प्रभाव संवाददाता




**काठमाडौं–** बिक्रम गौतम अहिलेका ब्यस्त मेकअप आर्टिष्ट हुन् । बिक्रम गौतम बिगत १२ बर्षदेखि सिने जगतमा मेकअप गर्दै आइरहेका छन् । २०५१ सालमा जन्मिएका गौतमले पुरानो बुलेट, कप्स, विच्छेद, भुगोल, क्रस, मामा जस्ता दर्जन बढी चलचित्रका कलाकारलाई मेकअप गरेर सिंगार्ने काम गरेका छन् । मेकअप आर्टिष्ट गौतमले चलचित्रमा मात्र होईन चर्चित नेपाली टेलिसिरियल सक्किगोनी, भद्रगोल, मेरि बास्सै, बुहारी, हालत खराब, क्या जमाना आ, जस्ता थुप्रै टेलिसिरियलमा समेत काम गरिसकेका छन् । म्युजिक भिडियो अन्तर्गत उनले चाहन्छु, सपनिमा, ए कालीलगायत थुप्रै भिडिओ तथा बिज्ञापनमा समेत काम गरिसकेका छन् ।

गौतमले हाल कपनमा बि स्टार एकेडिमी एण्ड युनिसेक्स सैलुन सञ्चालन गरिरहेका छन् । उनले ७ जनालाई रोजगारी दिलाएका छन् । उनका अनुसार नेपाली चलचित्र क्षेत्रमा एक सय जना जति मेकअप आर्टिस्ट छन् । तर, उत्कृष्ट र चलेका आर्टिस्ट एक दर्जन जति मात्र छन् । उनी त्यो थोरै संख्या भित्र पर्छन् । कामकै सिलसिलामा उनी हुम्ला, जुम्ला, कालिकोट, कैलाली, धनगढी र पूर्वमा धरान, इटहरी, झापा, इलाम लगायत अन्य जिल्ला पुगिसकेका छन् ।

बिक्रमका अनुसार अरु पेशामा मन्दि लागे पनि मेकअप आर्टिस्ट पेशामा मन्दि लाग्दैन । उनकी पत्नी मन्दिरा सापकोटा नेल टेक्निसियन, भाई बिनय गौतम हेयर ड्रेसर, बुहारी रन्जिता मेहेन्दी डिजाइनर र ब्युटिसियन हुन् ।

नेपालमा मेकअप आर्टिस्ट काम जानेको जनशक्ति कम रहेको गौतम बताउँछन् । उनले सिप भएको व्यक्तिले नेपालमै ४०/५० हजार रूपैयाँ कमाउन सकिने पनि जनाए । बिक्रमले छैटौं राष्ट्रिय समावेशी म्युजिक अवार्ड २०७९ अन्तर्गत फिजाई पंख बोलको म्युजिक भिडियोमार्फत सर्वोत्कृष्ट मेकअप आर्टिस्टको सम्मान प्राप्त गरिसकेका छन् ।

# आजमा र लिलिलाई ताज

**काठमाडौं (प्रस)–** आजमा महर्जन र लिलि महर्जन सुवाल 'जोय मिस एण्ड मिसेस् हेरिटेज इन्टर नेसनल नेपाल २०२३'को विजेता भउका छन् । आजमा मिस तर्फको शिर्ष विजेता चुनिदा लिलि मिसेज तर्फको विजेता घोषित भएकी हुन् । विजेता दुबैले बिभिन्न अवसर र उपहार हात पारेका छन् ।

विजेता दुबैले आगामी नोभेम्बर महिनामा थाइल्याण्डमा हुने 'हेरिटेज पेजेन्टस् २०२३'मा नेपालकोप्रतिनिधित्व गर्ने ग्रिनआर्ट मिडियाका सिइयो प्रविन लाकौलले जानकारी दिए । हेरिटेज पेजेन्टस् युनेस्कोको ऐतिहासिक र महत्वपूर्ण सम्पदा सूचिमा परेका विश्वका विभिन्न मुलुकका सम्पदा र संस्कृतिको जगेर्ना तथा प्रवर्द्धन उदेश्यले आयोजना हुँदै आएको छ ।

प्रतियोगीतामा 'मिस हेरिटेज इन्टरनेसनल नेपाल २०२३'तर्फ दीपिशा तामाङ फष्टरनरअप र पुर्णिमा शाही ठकुरी सेकेन्ड रनरअप बन्दा ' मिसेज हेरिटेज इन्टरनेसनल नेपाल २०२३' तर्फ पुनम थापा लुइटेल फष्ट रनरअप भइन् ।



भब्य र सब्य रूपमा आयोजना भएको प्रतियोगीता अन्य सौन्दर्य प्रतियोगीता भन्दा भिन्न थियो । हेरिटेज र सम्पदाको बिभिन्न झल्को दिने प्रस्तुति सहित सुरु भएको प्रतियोगीता हेरिटेज गार्डेन सानेपा, ललितपुरमा शुक्रबार अबेर साँझ सम्पन्न भएको थियो । अनुष्मा रायमाझी (मिस इको २०२० र मिस इको इन्टरनेशनल २०२०), राजभाई सुवाल (भेट्रान फोटोग्राफर) सरिता श्री ज्ञावली (मिडिया पर्सन), सन्तोष सापकोटा चियर पर्सन इप्लानेट, फाउन्डर हेरिटेज पेजेन्टस्) प्रतियोगीतामा निर्णायक रहेका थिए ।

नेपालका लागि इथियोपियाको मानार्थ महावाणिज्य दूतावास / पूर्व गभर्नर लायन्स क्लब इन्टरनेशनल डिस्ट ३२५ एफ / उद्योगी तथा समाजसेवी डा. राजेन्द्र गिरी मुख्य अतिथि रहेको प्रतियोगीतामा पत्रकार, सामजसेवी, बुद्धीजिवी लगायत बिभिन्न ब्यक्तिको उपस्थिती रहेको थियो । प्रतियोगीतामा मोष्ट फोटोजेनिक दीपिशा तामाङ, मोष्ट ट्यालेन्ट प्रगती भट्टराई, मोष्ट पपुलर पुनम थापा लुइटेल, मोष्ट डिसिप्लेन सोनु भुषाल, बेष्ट इभिनिङ क्लाउण्ड पुर्णिमा शाही ठकुरी, बेष्ट पफमर आजमा महर्जन, बेष्ट स्माइल, र बेष्ट चामिङ पर्सनालिटी लिलि महर्जन सुवाल, मोष्ट पङ्च्युअल कृष्णला शाह, बेष्ट हेयर आशिका परियार बनेका थिए ।

## रंगशाला

**१९ औं एसियाली खेलकुद**

# मंगोलियामाथि नेपालको महिला भलिबलको जित

■ प्रभाव संवाददाता



**काठमाडौं–** एसियन गेम्स अन्तर्गत महिला भलिबलमा मंगोलियामाथि नेपालको राष्ट्रिय महिला भलिबल टिमले जित हासिल गरेको छ ।

शनिबार ११ औं स्थानका लागि भएको खेलमा नेपालको महिला टिमले मंगोलियालाई ३-२ को सेटमा हराएको हो ।

पहिलो सेट १७-२५ ले गुमाएको नेपालले दोस्रो र तेस्रो सेट २५-१८ र २५-२१ ले हात पारेको थियो । चौथो सेट १८-ले गुमाएको नेपालले अन्तिम सेटमा १५-१२ को स्कोर निकाल्दै रोमाञ्चक जित दर्ता गरेको हो ।

मंगोलियालाई हराउँदै नेपालको महिला भलिबल टिमले एसियाडमा ११ औं स्थान हासिल गरेको छ । समूह चरणमा भियतनाम र दक्षिण कोरियासँग पराजित बनेको क्लासिफिकेसन म्याचमा प्रतिस्पर्धामा उत्रिएको थियो ।

# सिलोङ लाजोङ र टेरिटोरियल आर्मी विजयी

■ प्रभाव संवाददाता

**मानेभञ्ज्याङ–** सातौं मानेभञ्ज्याङ गोल्डकप प्रतियोगितामा सिलोङ लाजोङ एफसी र टेरिटोरियल आर्मी दार्जिलिङ बिजयी भएका छन् । शनिबार सम्पन्न खेलमा सिलोङले घरेलु टोली मानेभञ्ज्याङ एफसी तथा आर्मीले रोलिङ क्लब धुलाबारी झापालाई हराएको हो ।

पहिलो खेलमा सिलोङले २-१ गोल अन्तरले जित निकालेको थियो । खेलको सुरुवाती अग्रता सिलोङले लिएको थियो । १५ औं मिनेटमा सानोले सिलोङलाई अग्रता दिलाए । खेलको २३ औं मिनेटमा वादाजितले अग्रता दोब्बर बनाएका थिए । पहिलो हाफमा २-० ले पछि परेको मानेभञ्ज्याङका लागि कप्तान टाक्सिक भुटियाले ६० औं मिनेटमा १ गोल फर्काए । दोश्रो खेलमा आर्मीले रोलिङमाथि ३-० को जित निकाल्न सफल रहयो । रोलिङ तीन जना नेपाली यु-१९ राष्ट्रिय टिमको सदस्य सहित मैदान उत्रिएको थियो । पहिलो हाफ गोलरहित बराबरीमा सकिएको खेलको गोल दोश्रो हाफमा निस्किएको थियो ।

खेलको ४८ औं मिनेटमा लाक्पा तामाङले सुरुवाती गोल गरेका थिए । खेलको ५४ औं मिनेटमा लाक्पाले व्यक्तिगत गोल संख्या दोब्बर बनाए । ६५ औं मिनेटमा एस केपगेनले गोल गरेपछि ३-० गोल अन्तरका जितका साथ आर्मीले अन्तिम ८ मा स्थान बनाए ।

प्रतियोगिताको आइतबारबाट क्वाटरफाइनलको खेल सुरु हुनेछ । पहिलो क्वाटरफाइनलमा बिएसके जलपाइगुडी र दलसिंङपाडा स्पोर्टस एकेडेमी डुवर्स तथा दोश्रो क्वाटरफाइनल खेलमा चाँद एफसी तीनधारिया र जर्जियन एफसी कालेम्पोङ भिडनेछन् । जलपाइगुडीले पानबारी एफसी धरानलाई हराउँदै अन्तिम ८ मा स्थान बनाएको थियो । दलसिंङपाडाले सिङलिङ स्पोर्टिङ क्लब सोरेङ सिक्किमलाई हराएको हो । त्यसैगरी चाँदले रेडहर्स इलाम तथा जर्जियनले डिएसए हावडालाई हराएको थियो ।

# कबड्डीमा नेपाललाई पदक दिलाउने अनुजाको घर पुग्दा...

■ चन्द्रकला भण्डारी

**झापा–** एसियाली खेलकुदमा मुलुकका लागि पहिलो पदक दिलाउने नेपाली राष्ट्रिय कबड्डी टोलीकी खेलाडी अनुजा कुलुङ राईको घर पुग्दा बुबा धनमान राई भैंसी चराउन जङ्गलमा थिए । आमा तिलसरी पुरानो दराज इनामेलले रङ्ग्याउँदै थिइन् ।

हल्दिबारी गाउँपालिका-३ देवीबस्तीमा टिनको छानो भएको सानो भुइँतले घरमा अनुजाको बुबा र आमा बस्छन् । नजिकै जलथल जङ्गल छ । जहाँ अनुजाका बुबासहित गाउँलेहरु गाईभैंसी र बाख्रा चराउन जान्छन् । अधुरो हुलाकी राजमार्गबाट पाँच सय मिटर दक्षिण जङ्गलकै छेउमा खेतीपातीबाटै अनुजाको परिवारले जीवन धान्दै आएको छ ।

चीनको हाङझाउमा जारी १९औं एसियाली खेलकुदमा नेपालले ऐतिहासिक काँस्य पदक जितेको छ । मेनुका राजवंशीको नेतृत्वमा रहेको नेपाली कबड्डी टोलीमा अग्लो कदकी २५ वर्षीया अनुजा सशक्त खेलाडी हुन् । गत सोमबार बङ्गलादेशलाई पराजित गरेपछि नेपाली टोलीले मुलुकलाई एसियाली खेलकुदकै पहिलो पदक पक्का गरेको थियो । एसियाली खेलकुदको कबड्डी प्रतिस्पर्धामा नेपाली टोली पहिलोपटक सहभागी भएको हो । प्रतियोगितामा पदक दिलाउन अनुजाले प्रदर्शन गरेको खेल कौशलको चौतर्फी प्रशंसा भइरहेको छ ।

सानो घर, थोरै खेतीपाती र भैंसीपालनको परिवेशले अनुजा सङ्घर्ष गरेरै खेल जगत्मा गाउँबाट उदाएकी प्रतिभा हुन् भन्ने स्पष्ट झल्किन्छ । किसान परिवारमा जन्मिएकी अनुजा चार पाँच वर्षको हुँदा नै बुबा धनमान वैदेशिक रोजगारीमा गए । आमा र हजुरआमा (बोजु)को ममतामा हुर्किएकी अनुजा सानैदेखि कबड्डी खेलप्रति आकर्षित थिइन् । अनुजाकी दिदी रोशनी वैदेशिक रोजगारीकै सिलसिलामा साइप्रसमा गएकी छन् भने भाइ पनि विदेश जाने तयारीमा छन् ।

शुक्रबार दिउँसो हामी घर आएको खबर पाएपछि अनुजाका बुबा धनमान जङ्गलको चरनमै भैंसी छाडेर घर फर्किए । काठे बेराको भुइँतले घरका साँघुरा कोठामा खचाखच



माल सामानसँगै अनुजाले स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा पाएका प्रमाणपत्र र जितेका पदक असरल्ल थिए । कोही पोखरा र काठमाडौँमा पाएका प्रमाणपत्र थिए भने कोही राजस्थान र मलेसियामा जितेका पदक थिए । अनुजाले पाएका पदक कोठाका भित्तामा टाँगिएका र कोही बाँसका कञ्चीमा बेरेर राखिएका थिए ।

'कबड्डी भनेपछि हुरुक्कै हुन्थी, भातै खान बिर्सिन्थी', आमा तिलसरीले अनुजाको बाल्यकाल सम्झिँदै भनिन्, 'स्कुल गयो कबड्डी खेल्यो, घर आयो कबड्डी खेल्यो अनि बेलुका भयो छिमेकीका घरमा गएर पनि टिभीमा कबड्डी गेम नै हेरेको छ । अति भएपछि पढाइ बिग्रन्छ कि भन्ने चिन्ता थपियो । पढ्नमा मन लगा छोरी, यसरी खेलामा लागेर भविष्य बिग्रिन्छ भनेर कति सम्झायौं । तर, उसले मानिन । कबड्डी खेल्न छाडिन ।'

कबड्डी खेलेर देशको नाम संसारभर चिनाउने सङ्कल्प लिएर खेल क्षेत्रमा सानैदेखि समर्पित अनुजालाई कबड्डीमा डोहोऱ्याउने प्रशिक्षक झापाकै रतिया राजवंशी छन् । हाल भद्रपुर वडा नं ६ का वडाध्यक्ष रहेका राजवंशी अखिल नेपाल कबड्डी सङ्घका कोशी प्रदेश अध्यक्ष र कबड्डीका पूर्वराष्ट्रिय प्रशिक्षक हुन् । 'दश वर्षअघि गाउँका स्कुलतिर खेलाडी हुन लायक विद्यार्थीको खोजीमा निस्किएको थिएँ', आफूले प्रशिक्षित गराएकी अनुजाले एसियाली खेलमा पदक जित्दा खुसी लागेको बताउँदै कबड्डी सङ्घका तत्कालीन प्रशिक्षक राजवंशी भन्छन्, 'जब म हल्दिबारीको पञ्चायत माविमा पुगेँ । अग्लो र बलिष्ठ कदकी छात्रालाई बोलाएर तिमीले अब कबड्डीको तालिम लिनुपर्छ भनेँ । तिनै छात्रा नै अहिलेकी अनुजा हुन् । मैले उनी भविष्यमा राष्ट्रकी होनहार प्रतिभा बन्ने छिन् भन्ने त्यतिबेलै कल्पना गरेको थिएँ । मेरो त्यो अनुमान अहिले साँचो ठहरियो ।'

अनुजाले घरदेखि टाढा रहेको पञ्चायत मावि र लक्ष्मी माविबाट माध्यमिक तहको शिक्षा हासिल गरेकी थिइन् । उसबेला गाउँका अरु केटीहरु टाइसुटमा ठाँटिएर बोर्डिङ स्कुल पढ्थे । घरको आर्थिक अवस्था बलियो नहुँदा उनले पैदल धाएरै सरकारी विद्यालयमा पढिन् । पढ्न र खेल्नबाहेक उनले गाईवस्तु पनि चराउनुपर्थ्यो, घाँस पनि काट्नु पर्थ्यो ।

'स्कुल धाउँथिन्, तर उनको मन र मस्तिष्क कबड्डी खेलतिरै एकोहोरिएको थियो', अनुजाको पठनपाठनबारे पञ्चायत माध्यमिक विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद बन भन्छन्, 'उनको पढाइको स्तर सामान्य भए पनि कबड्डीमा रुचि भने अचम्मकै थियो । चारपाँच जना बलिया मान्छेलाई फाँड्न सक्ने उनको तागत थियो । कबड्डीका प्रशिक्षक राजवंशीले विद्यालयमै आएर उनलाई खेलाडी छनोट गर्नुभएको थियो । विद्यालयमै अरुसँगै नियमित तालिम पनि दिनुभएको थियो ।'

आफ्नो विद्यालयमा पढेकी छात्राले अन्तर्राष्ट्रिय खेलकुदमा मुलुकको स्वभिमान उँचो बनाउँदै पदक जितेकोमा विद्यालयमा खुसीको माहोल छाएको उनले बताए । 'मैले पनि बङ्गलादेशसँगको खेल हेरेको थिएँ, साह्रै खुसी लाग्यो', उनले भने ।

प्रअ बनका अनुसार अनुजाले स्कुलबाटै कबड्डी सिकेकी हुन् । राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा कबड्डीमै उनले पटक-पटक गोल्डमेडल जितेकी थिइन् । जिल्ला, प्रदेश हुँदै उनी राष्ट्रिय टोलीमा सामेल हुन पुगिन् । अहिले उनी नेपाली सेनाको विभागीय टिम आर्मी क्लबमा आबद्ध छन् ।

एसियाली खेलकुदमा भाग लिन चीन जानुअघि अनुजाले घरकी बोजु ७२ वर्षीया मनमाया राईलाई फोनबाट आर्शिवाद मागेकी रहिछन् । जितेर आउनु भनेर आफूले आर्शिवाद दिएको मनमायाले बताइन् । कबड्डीमा पदक जितेको खबर सुन्दा साह्रै खुसी लागेको बताउने मनमायाले अनुजा डेढ वर्षदेखि घर आउन नभ्याएकोमा भने बेखुसी व्यक्त गरिन् ।

खेलमा बढी रुचि भएकी अनुजा सानो छँदा कबड्डीको प्रतिस्पर्धा हेर्न छिमेकीका घर गएर टिभी हेर्ने गर्थिन् । धेरै गाउँ हिँड्न थाली भनेर उनकै लागि भनेर आमा तिलसरीले आफ्नै घरमा टिभी किनेर ल्याउनुपरेको सुनाइन् । 'सबै गाउँलेले पनि खेलमा लागेर छोरी बिग्रिने भई भनेर डर देखाउँथे, हामी पनि कबड्डी खेलेर हातखुट्टा भाँचियो भने कसले पाल्छ नानी भनेर सम्झाउँथ्यौं', आमा तिलसरीले अनुजाको खेल अभिरुचिबारे सुनाउँदै भनिन्, 'खेल खेलेरै नाम कमाउँछु भन्थी । उनको सपना आज पूरा भएको छ । हामीले खेलबाट पनि संसारभरि चिनिन सकिने रहेछ भनेर बुझेका रहेनछौं ।'

नेपाली कबड्डी टोलीले चीनमा पदक जितेपछि अनुजाको खेलको फुटेज र अन्तर्वार्ता सञ्चारमाध्यममा छाएका थिए । पदक जितेको खबर पहिलोपल्ट अनुजाको भाइले बुबा धनमानलाई सुनाएका थिए भने गाउँलेले मोबाइलमा युट्युबमार्फत अनुजाको अन्तर्वार्ता देखाएका थिए । पछि टेलिभिजन र रेडियोमा पनि अनुजाको नाम सुन्दा गौरव लागेको धनमानले बताए । *रासस*

# हमासद्वारा इजरायलमा रकेट हमला



**गाजा सिटी–** शनिबार बिहान हमासले गरेको घातक रकेट आक्रमणमा परी शार हानेगेभ क्षेत्रीय काउन्सिलका प्रमुख (मेयर) ओफिर लिब्स्टेनको मृत्यु भएको स्थानीय स्रोतलाई उद्धृत गर्दै टाइम्स अफ इजरायलले बताएको छ ।

'आतंकवादीको आक्रमणको बेला सहरको रक्षा गर्न गएका ओफिर मारिए,' काउन्सिलको विज्ञप्तिलाई उद्धृत गर्दै समाचारमा भनिएको छ । उनको मृत्युपछि काउन्सिलका उपप्रमुख योसी केरेनलाई अन्तरिम प्रमुख बनाइएको छ ।

यो समाचार तयार पार्दासिम्म प्राप्त विवरणअनुसार हमासको रकेट आक्रमणमा परी कम्तीमा पाँच जनाको मृत्यु भएको र १०० भन्दा बढी घाइते भएका छन् ।

मध्य तथा दक्षिण इजरायलमा शनिबार बिहान साढे तीन घण्टासम्म व्यापक रकेट हमला भएको थियो । यसबाहेक हमासले पाँच जना इजरायल डिफेन्स फोर्स (आइडिएफ) का सैनिकलाई अपहरण गरेको दाबी गरेको जेरुसेलनम पोस्टले बताएको छ । आइडिएफले भने त्यसको पुष्टि गरेको छैन । हमासको आक्रमणपछि आइडिएफले गाजापट्टीमा जवाफी हमला गरेको छ ।

स्थानीय समयअनुसार बिहान साढे छ बजेदेखि गाजाका कयौं स्थानबाट थुप्रै रकेट प्रहार भएको एएफपीका पत्रकारले जनाएका छन् । सर्वसाधारणलाई बम आश्रयस्थल नजिकै बस्न आग्रह गर्दै इजरायली सेनाले मुलुकका दक्षिण र मध्य क्षेत्रहरूमा साइरनको चेतावनी दिएका थिए । जेरुसेलममा एएफपीका एक पत्रकारले पूरा सहरभर साइरन बजेपछि रकेट हमला रोकिएको देखेको बताए । प्यालेस्टिनी समूह हमासको सशस्त्र शाखाले हमला आफूले गराएको बताएको छ । उसले आफ्ना लडाकुहरूले पाँच हजारभन्दा बढी रकेट हमला गरेको दाबी गरेको छ ।

'हामीले इजरायली कब्जाका सबै अपराधहरूलाई समाप्त पार्ने निर्णय गरेका छौं, जवाफदेही ठहर नगरी वितण्डा मच्चाउने उनीहरूको समय सकिएको छ,' उक्त समूहले भनेको छ, 'हामीले अल-अक्स फ्लडको घोषणा गरेका छौं र २० मिनेटको पहिलो हमलामा हामीले पाँच हजारभन्दा बढी रकेट प्रहार गर्‍यौं ।'

## 'युद्धका लागि तयारी'को घोषणा

**तेल अभिभ, इजरायल–** इजरायलमा गाजापट्टीबाट व्यापक रकेट हमला र हमास आतंककारीहरूको घुसपैठपछि इजरायली प्रतिरक्षा फौज (आइडिएफ)ले शनिबार युद्धका लागि तयार रहेको घोषणा गरेको दाइम्स अफ इजरायल (टिओआई)ले जनाएको छ ।

'इजरायललाई आइडिएफले युद्धका लागि तयार मुलुकका रूपमा घोषणा गर्दछ,' इजरायली सेनाले एक विज्ञप्तिमा भनेको छ, 'इजरायली भूमिमा गाजाबाट व्यापक रकेट प्रहार भएको छ र थुप्रै प्रवेश बिन्दुबाट इजरायली भूमिमा आतंककारीहरूले घुसपैठ गरेका छन् ।'

आइडिएफले मुलुकका दक्षिण र मध्य क्षेत्रका बासिन्दाहरूलाई सुरक्षित क्षेत्रको नजिक रहन र गाजा वरपरका बासिन्दाहरूलाई सुरक्षित अवस्थामा रहन आवश्यक रहेको बताएको छ ।

यसैबीच आइडिएफले गाजा पट्टीमा उसले जवाफी हमला गरिरहेको बताएको छ । हमासले गरेको अप्रत्याशित हमालाको झण्डै दुई घन्टापछि आइडिएफले जवाफी हमला गरेको हो । 'यस आक्रमणको पछाडि हमासको हात रहेको छ र उसले हमलाको परिणाम र जिम्मेवारी बहन गर्नेछ,' आइडिएफले भनेको छ ।

यसैबीच प्रतिरक्षामन्त्री योआभ गालान्टले हमाले अप्रत्याशित आक्रमण गरेपछि रिजर्भमा रहेका सैनिकहरूलाई बोलाउने कदमलाई अनुमति दिएको छ । *रासस/एएनआई*

गाजापट्टीबाट इजरायली क्षेत्रमा रकेट हमला र आतंककारी घुसपैठसहित यो संयुक्त प्रयासमा हमासको हात रहेको इजरायली सेनाले बताएको छ ।

सन् २००७ मा हमास सत्तामा आएपछि इजरायलले गाजामा प्रतिबन्ध लगाउँदै आएको छ । त्यसयता प्यालेस्टिनी लडाकु र इजरायलबीच विनाशकारी युद्ध भएका छन् ।

पछिल्लो हमला इजरायलले सेप्टेम्बरमा गाजाका कामदारमाथि दुई साताका लागि सीमा बन्द गरेपछि बढ्दो तनावका बीच भएको हो । *रासस/एएफपी*

### ह्वाइट हाउसको योजना

# आगामी नोभेम्बरमा बाइडेन र चिनफिङबीच भेट गराउने



**वासिङ्टन डिसी–** ह्वाइट हाउसले आगामी नोभेम्बरमा अमेरिकी राष्ट्रपति जो बाइडेन र चिनियाँ राष्ट्रपति सि चिनफिङबीच भेट गराउने योजना बनाइरहेको वासिङ्टन पोस्टले जनाएको छ ।

ह्वाइट हाउस प्रशासनका एक उच्च अधिकारीका अनुसार दुई मुलुकबीचको सम्बन्धलाई स्थिर बनाउने प्रयासका रूपमा दुई नेताबीच भेट गराउन लागिएको हो ।

'बैठक पक्का हुनेछ,' भेटबारे औपचारिक घोषणा भइनसकेको भन्दै आफ्नो नाम उल्लेख नगर्ने सर्तमा ती अधिकारीले भने, 'भेट गराउने योजनाको हामी प्रारम्भिक प्रक्रियामा छौं ।'

ह्वाइट हाउसका अर्का अधिकारीले बाइडेन चिनियाँ राष्ट्रपति चिनफिङसँग भेट्न उत्सुक भएको तर त्यसबारेमा अहिलेसम्म केही पुष्टि भइनसकेको बताएको उक्त अखबारले उल्लेख गरेको छ । ती अधिकारीले आगामी साताहरूमा चिनियाँ विदेशमन्त्री वाङ यीले वासिङ्टनको भ्रमण गरेपछि दुई राष्ट्रपतिबीचको भेटको योजनाबारे स्पष्ट हुने जानकारी दिए ।

'चीन र अमेरिकाबीच द्विपक्षीय संलग्नता र आदानप्रदानका बारेमा कुराकानी भइरहेको छ,' वासिङ्टनस्थित चिनियाँ दूतावासका प्रवक्ता लिउ पंग्युले भने, 'दुवै पक्षलाई अवरोधहरू हटाउन, ठोस कार्यद्वारा मतभेदहरूको व्यवस्थापन गर्न तथा असल विश्वासका साथ संवादलाई बढाउन र सहयोग अभिवृद्धि गर्न एउटै दिशामा काम गर्न आवश्यक छ ।'

वासिङ्टन पोस्टका अनुसार गत नोभेम्बरमा इण्डोनेसियाको बालीमा सम्पन्न जी-२० को बैठकका क्रममा दुई ठूला अर्थतन्त्रका प्रमुखहरूबीचको भेटपछि आगामी नोभेम्बरमा पहिलो व्यक्तिगत भेट हुनेछ ।

उक्त बैठकमा दुवै राष्ट्रपतिले प्रत्यक्ष कूटनीतिको महत्त्वमाथि जोड दिँदै अमेरिका-चीन सम्बन्धलाई सही मार्गमा ल्याउन सकिने आशा व्यक्त गरेका थिए । *रासस/एएनआई*

# अमेरिकाको अन्त्येष्टि गृहमा १०० भन्दा बढी शव फेला

**लस एन्जलस–** अमेरिकाको कोलोराडो राज्यको एक अन्त्येष्टि गृहमा १०० भन्दा बढी सडेको शव फेला परेपछि अनुसन्धान सुरु गरिएको स्थानीय अधिकारीहरूले बताएका छन् ।

फ्रेमोन्ट काउन्टीस्थित पेनरोजमा रहेको रिटन टु नेचर फ्युनरल होममा बुधबार ती शव फेला परेका थिए । प्रहरीले 'हरित' अन्त्येष्टि सञ्चालकको भण्डारणलाई सूक्ष्मरूपमा अनुसन्धान गरेर अन्त्येष्टि गृहभित्रबाट कम्तीमा ११५ सडेको शव फेला पारेको थियो ।

फ्रेमोन्ट काउन्टी सेरिफ एलन कुपरले पत्रकार सम्मेलनमा भने, 'पछिल्लो ४८ घण्टामा मेरो कार्यालयले अत्यन्त डरलाग्दो खोज गरेको छ, अनुचितरूपमा शवहरू भण्डार गरिएको अन्त्येष्टि गृहको अवस्था भयावह थियो ।'

उनका अनुसार यस क्षेत्रका समुदायले धेरै प्रश्न र चिन्ता व्यक्त गरेका छन् । विशेषगरी आफ्ना प्रियजनलाई उक्त अन्त्येष्टि गृहमा सुम्पिएका परिवारले बढी चिन्ता व्यक्त गरेका छन् । उनले भने, ' हाम्रो प्राथमिकता र ध्यान ती परिवारप्रति छ ।' फ्रेमोन्ट काउन्टी कोरोनर र्‍याण्डी केलरले पनि भने, 'उक्त गृहमा प्रवेश गरेपछि हामीले अनुचितरूपमा राखिएका एक सयभन्दा बढी शव फेला पार्‍यौं जसले भयानक दृश्य बनायो ।'

केलरका अनुसार काउन्टीमा आपत्कालीन संकटकाल घोषणा गरिएको छ । उक्त घटना सम्बन्धमा अहिलेसम्म कसैलाई पक्राउ नगरिएको उनले बताए । उनका अनुसार अनुसन्धान अहिले प्रारम्भिक अवस्थामा छ र अनुसन्धान प्रक्रिया लामो हुनेछ ।

अनुसन्धान र उक्त अन्त्येष्टि गृहको सफाइका लागि राज्यबाट सहयोग उपलब्ध गराउन कोलोराडोका गभर्नरले बिहीबार राति आपत्कालीन विपत्तिको घोषणा गरे । *रासस/सिन्ह्वा*




**Melung Rural Municipality**
Office of Rural Municipal Executive
Bhedapu, Dolakha
Bagamati province

**INVITATION FOR BIDS**

**First Date of Publication: 2080-06-21 (2023-October-08)**

1. Meling Rural Municipality, office of Rural Municipal Executives, Bhedapu. Dolakha has allocated funds for following works and invites open national competitive bidding. This notice is published as per Public Procurement Act, 2063 (14) sub-section (1) and Public Procurement Rule, 2064 (49 Ka) for all eligible bidders.

| S.N | Contract ID | Name of Project | Estimated Cost (inclusive VAT) | Min. Bid Security Amount (NRs) | Fee for Bid Documents (NRs) |
|---|---|---|---|---|---|
| 1 | MRM-WS-01-W-NCB-2080/81 | Chitre Khanepani Yojana, Melung-4 | 7,795,164.93 | 2,00,000.00 | 3000 |
| 2 | MRM-WS-02-W-NCB-2080/81 | Khadkathok Phadkekhola Khanepani Yojana, Melung-7 | 9,743,670.89 | 2,50,000.00 | 3000 |

2. Deadline For Purchase, Submission and Opening:

| Activity | Date | Time |
|---|---|---|
| Purchase of Bidding Document | 06-11-2023 | During Office Hours |
| Submission of Bid | 07-11-2023 | 12:00 hours |
| Opening of Bid | 07-11-2023 | 14:00 hours |

*Information for depositing the fee of bidding document in Bank:*
**Name of Bank : Sanima Bank, Meling Branch, Dolakha**
**Name of Acc. : MELUNG GA.PA. GA 1.1 AANTARIK RAJASWA KHATA**
**A/C No. : 072010020000015**
Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by bid security amount as mentioned. If bidder wishes to submit Bid Security in the form of cash, the cash should be deposited in MELUNG GAPA GA 3.1 DHARAUTI KHATA (Account) no. 072010020000024, at Sanima Bank, Melung Branch, Bhedpu, Dolakha and submit the receipt of the deposited amount of cash along with the sealed bid, or in form of a bid-security issued by an authorized bank (A class commercial bank) with validity at least up to 120 days from the date of bid opening.

3. Bidders shall have the option of submitting their bids **electronically or hard copy.** For further details regarding the notice of Invitation for Bids. Interested Bidders are requested to visit the notice board or website of Melung Rural Municipality (melungmun.gov.np), Bhedapu, Dolakha or the PPMO's Website :http://www.bolpatra.gov.np/egp
4. Matters not covered in this notice shall he in accordance with prevailing rules and regulations of GoN.
5. Any amendment in the tender notice shall be posted in the notice board of the Melung Rural Municipality and PPMO's website : https://www.bolpatra.gov.np/egp/

**Chief Administrative Officer**



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - १०७३०० | प्रति तोला - १०६८०० | प्रति तोला - १३१० |



**नवरात्री पूजाका लागि मूर्ति** | सुनसरीको इनरुवा-२ स्थित दुर्गा मन्दिर परिसरमा नवरात्री पूजाका लागि दुर्गा र गणेश भगवान्को मूर्ति निर्माण गर्दै कालिगढ ।
*तस्बिरः नवीन गड्तौला/रासस*

# बैंकिङ कसूर तथा सजाय विधेयक संसद्मा दर्ता

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** बैङ्किङ कसूर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक संसद्मा दर्ता भएको छ । अर्थमन्त्री डा. प्रकाशशरण महतले गत मङ्गलबार उक्त विधेयक दर्ता गराएका हुन् ।

बैङ्किङ तथा वित्तीय प्रणालीको कारोबारमा हुन सक्ने चेक अनादरजस्ता कसूरजन्य कार्यको अनुसन्धान, अभियोजन र कारबाहीलाई व्यवस्थित तथा प्रभावकारी बनाउन यो विधेयक ल्याइएको जनाइएको छ । चेक अनादरसम्बन्धी मुद्दामा फरक-फरक खालको कानुनी उपचारको अवस्था देखिएकाले यसलाई एकरूप बनाउनुपर्ने व्यहोराको सर्वोच्च अदालतको आदेश र महान्यायाधिवक्ताको कार्यालयको अध्ययनबाट समेत बैङ्किङ कसूर तथा सजाय ऐनलाई संशोधन गर्नुपर्ने सुझावका आधारमा सरकारले यो विधेयक तयार पारेको हो । गत साउन २३ गतेको मन्त्रिपरिषद् बैठकले यो विधेयकको मस्यौदा स्वीकृत गरेको थियो ।

कुनै व्यक्तिले आफ्नो खातामा रकम मौज्दात नभई चेक जारी गर्न नहुने व्यवस्था विधेयकमा राखिएको छ । 'कसैले पनि आफ्नो बैंक खातामा रकम मौज्दात नभएको वा मौज्दात भए पनि भुक्तानीका लागि पर्याप्त छैन भन्ने जानाजान कसैलाई चेक जारी गरी दिन वा बैंकसँग त्यस्तो चेकको भुक्तानी माग गर्नु हुँदैन', विधेयकमा भनिएको छ ।

चेकको भुक्तानी गर्न आवश्यक पर्ने रकम खातामा मौज्दात नदेखिएमा त्यस्तो चेक बैंक तथा वित्तीय संस्थाले धारकलाई नै फिर्ता दिनुपर्नेछ । यही चेक साट्न चाहने व्यक्तिले त्यस्तो चेक अनादर भएको प्रमाणित गराउन चाहेमा बैंकले बढीमा तीस दिनको म्याद दिई आफ्नो खातामा आवश्यक रकम जम्मा गर्न सम्बन्धित खातावालालाई सूचना दिई सो को अभिलेख राख्नुपर्ने व्यवस्था विधेयकमा राखिएको छ ।

त्यसरी सूचना दिएको जानकारी खुलाई बैंकले चेक फिर्ता गर्नुपर्नेछ । तीस दिनसम्ममा पनि खातामा पैसा उपलब्ध नभएमा चेक अनादर भएको प्रमाणित गर्नेसम्बन्धी प्रक्रिया अघि बढ्नेछ । 'तीस दिनको म्याद समाप्त भएपछि चेक बोक्ने व्यक्तिले रकम भुक्तानी माग्दा पनि खातामा आवश्यक रकम नदेखिएमा बैंकले तीन दिनभित्र सम्बन्धित खातावालाले चेक अनादर गरेको प्रमाणति गरी चेक फिर्ता दिनुपर्नेछ', विधेयकको मस्यौदामा भनिएको छ ।

चेक अनादरसम्बन्धी बैङ्किङ कसूरको जरिवानामा पनि संशोधन गर्न लागिएको छ । बैङ्किङ कसूर तथा सजाय ऐन, २०६४ मा चेक अनादर भएमा बिगो भराई बिगोबमोजिम जरिवाना र तीन महिनासम्म कैदको व्यवस्था रहेको छ । तर विधेयकले चेक अनादर भएको प्रमाणित भएमा चेक जारी गरिदिने खातावालाबाट धारकलाई बिगो बमोजिमको रकम भराई चेक जारी गरिदिने खातावालालाई बिगोको पाँच प्रतिशत जरिवाना गर्ने र चेक काटिएको रकमका आधारमा कैद सजाय तोक्नेगरी मस्यौदा तयार पारिएको छ ।

विधेयकमा रू पाँच लाखसम्म बिगो भए एक महिनासम्म कैद, रू पाँच देखि १० लाखसम्म बिगो भए तीन महिनासम्म कैद, रू १० लाखदेखि ५० लाखसम्म बिगो भए छ महिनासम्म कैद र रू ५० लाखभन्दा बढी जतिसुकै बिगो भएमा दुई वर्षसम्म कैद हुने व्यवस्था गरिएको छ । त्यस्तै, चेक अनादर गरेको प्रमाणित भएको मितिले तीन महिनाभित्र सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्न सकिने व्यवस्था ल्याउन लागिएको छ ।

# उपभोक्ताको रोजाइमा मुस्ताङको स्याउ

**गलकोट–** मुस्ताङको स्याउ भित्रिन थालेपछि बागलुङमा फलफूलको बजार फस्टाउन थालेको छ । असोज लागेसँगै मुस्ताङको स्याउले बागलुङमा बजार पाउन थालेको छ । पछिल्लो समय यहाँका हरेक फलफूल पसलमा मुस्ताङको स्याउ देखिन्छ ।

अधिकांश उपभोक्ताले मुस्ताङको स्याउ खोज्ने भएकाले अन्य स्याउको तुलनामा असोज लागेपछि यसको कारोबार बढी हुन थालेको फलफूल व्यापारी शङ्कर रेग्मीले बताए । उनका अनुसार स्याउको माग अत्यधिक भएका कारण बागलुङ नगरपालिकाले उपभोक्ताको हितका लागि मुस्ताङको स्याउको मूल्य निर्धारण गरेको छ । अन्य स्याउको तुलनामा सस्तो र स्वादिष्ट भएकाले छिमेकी जिल्लाको स्याउको माग यहाँ उच्च रहेको उनको भनाइ थियो ।

अघिपछि भारत र चीनबाट आएको स्याउ बिक्री गर्ने यहाँका व्यापारीले समेत असोज लागेपछि मुस्ताङको स्याउको ठूलो मात्रामा कारोबार गरिरहेका छन् । दसैं र तिहारमा कोसेलीका रूपमा स्याउलाई प्रमुख मानिँदै आएकाले बागलुङमा मुस्ताङको स्याउ 'ब्रान्ड' बनेको स्थानीय उपभोक्ता हरिश आचार्यले बताए ।

'मुस्ताङको स्याउ भनेपछि अलग्गै हुन्छ, नजिकमा उत्पादन भएको हुनाले समेत होला यहाँका धेरै उपभोक्ताले असोज लागेपछि मुस्ताङको स्याउ पाएसम्म अरू खरिद गर्दैनन्', उनले भने, 'बागलुङ बजारका हरेक फलफूल पसलमा मुस्ताङको मात्रै स्याउको माग छ । बागलुङ नगरपालिकाले स्याउको मुल्य समेत निर्धारण गरेको छ । जसले चाडबाडमा स्याउमा कालोबजारी गर्न रोकिन्छ ।'

दसैँ-तिहारको नआउँदै मुस्ताङको स्याउको अहिले नै अर्डर आउन थालेको फलफूल व्यापारीले बताएका छन् । दसैँमा मुस्ताङको च्याङ्गासहित स्याउ कोसेली लैजाने गरेको पाइन्छ । हालसम्म बागलुङमा च्याङ्गा भने भित्रिएका छैनन् । दसैँ तिहारलाई मुस्ताङमा भ्रमणको उपयुक्त सिजनका रूपमा लिने गरिन्छ । मुस्ताङ भ्रमणमा पुगेका अधिकांशले फर्कने समयमा मुस्ताङको स्याउ र च्याङ्गा लिएर फर्कने गरेका स्थानीय बताउँछन् ।

बागलुङसहित म्याग्दी, मुस्ताङ, पर्वत लगायतका जिल्लामा कोसेलीका रूपमा मुस्ताङ्गी स्याउ निकै प्रयोगमा आउने गरेको व्यापारी रेग्मीले बताए । अहिले बजारमा मुस्ताङको स्याउको कारोबार सुरु भइसकेको उनको भनाइ थियो ।

'अघिपछि भारत र चीनको स्याउ बढी बिक्री हुन्छ । एक हप्ता भयो मुस्ताङको मात्रै स्याउ बिक्री भइरहेको छ । चाडपर्व भित्रिन थालेपछि फलफूलको माग बढ्न थालेको हो', रेग्मीले भने, 'अब तिहारसम्म मुस्ताङको मात्रै स्याउ बिक्री हुन्छ । स्वादिष्ट भएर पनि होला उपभोक्ताको माग पनि यही स्याउमा बढी छ ।'

दसैँ-तिहारमा छुट्टीमा घर जान लागेका कर्मचारीका परिवारले स्याउ र आलु ल्याउन आग्रह गर्ने गरेको फलफूल व्यापारीले बताउँदै आएका छन् । बागलुङ सरुवा भएर आउने जुनसुकै कर्मचारीलाई घरबाट मुस्ताङको स्याउ, ढोरपाटनको आलु र ताराखोलाको भाङ्गो किनेर ल्याउने सुझाव आउने गरेको उनीहरु बताउँछन् । *रासस*

# वीरगञ्ज भन्सार कार्यालयको राजस्व संकलनमा ३५ प्रतिशतले कमी

■ **प्रभाव संवाददाता**

**पर्सा–** राष्ट्रिय राजस्वमा ४३ प्रतिशतभन्दा बढी योगदान पुर्‍याउने वीरगञ्ज भन्सार कार्यालयको राजस्व संकलन क्रमिक रूपमम घट्दै गएको छ । चालु आर्थिक वर्षको पहिलो महिनामा लक्ष्यभन्दा २४ प्रतिशत कम राजस्व संकलन गरेको कार्यालयले भदौमा लक्ष्यभन्दा ३५ प्रतिशत कम राजस्व संकलन गरेको जनाएको छ ।

चालु आवको साउनका लागि भन्सार विभागले रू १५ अर्ब ६२ करोड ३७ लाख राजस्व संकलनको लक्ष्य लिएकामा लक्ष्यभन्दा रू तीन अर्ब ७५ करोड ३२ लाख कम राजस्व संकलन भएको कार्यालयका सूचना अधिकारी रामचन्द्र ढकालले जानकारी दिए । उनका अनुसार भदौका लागि विभागले रू १९ अर्ब ३८ करोड राजस्व संकलनको लक्ष्य दिएकामा रू १२ अर्ब ७१ करोड मात्र संकलन भएको छ ।

भन्सार कार्यालयलाई सबैभन्दा बढी राजस्व दिने पेट्रोलियम पदार्थ, वाहनलगायतका २० वस्तुको आयातबाट संकलन हुने राजस्व घट्दै गएको ढकालले बताए । उनले मुख्य २० वस्तुबाट संकलन हुने राजस्व गत आवको साउनको तुलनामा चालु आवको सोही अवधिमा ५३ प्रतिशत कम संकलन भएको छ भने भदौमा गत आवको सोही महिनाको तुलनामा ६२ प्रतिशत कम भएको बताए ।

वीरगञ्ज भन्सार कार्यालयलाई इन्धन र वाहनको आयातबाटबाट मात्र ४० प्रतिशतभन्दा बढी राजस्व संकलन हुने गरेको भन्दै ढकालले दुवै वस्तुको आयात घट्दै गएकाले रावस्व संकलनको लक्ष्य हासिल गर्न नसकिएको जानकारी दिए । उनले वीरगञ्ज नाका प्रयोग गरी नेपालका लागि आयात हुने इन्धनबाट सङ्कलित हुने राजस्व गत आवको तुलनामा ११ प्रतिशत र वाहनबाट संकलन हुने राजस्वमा १० प्रतिशतले कमी आएको बताए ।

# चाडपर्व लक्षित सहुलियत पसल आजदेखि

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले दसैं, तिहार, छठलगायत ठूला चाडपर्वमा नागरिकलाई सहुलियत दरमा दैनिक उपभोग्य वस्तु उपलब्ध गराउने उद्देश्यले आज (आइतबार) देखि देशभर सुपथ मूल्य पसल सञ्चालन गर्दैछ । सरकारी स्वामित्वका खाद्य व्यवस्था तथा व्यापार कम्पनी, साल्ट्र ट्रेडिङ तथा दुग्ध विकास संस्थानले आगामी मङ्सिर ३ गतेसम्म सहुलियत पसल सञ्चालनमा गर्नेछन् ।

आम उपभोक्ताको हितलाई ध्यानमा राखी अत्यावश्यक खाद्य तथा उपभोग्य वस्तु सहुलियत मूल्यमा उपलब्ध गराउन चाडबाड अवधिभर यस्ता पसल सञ्चालनमा ल्याउन लागिएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ । यस्ता पसलबाट बजार मूल्य नियन्त्रण र गुणस्तरीयता कायम गरी सरल, सहज र सर्वसुलभ रूपमा उपलब्ध गराउने उद्देश्य सरकारले राखेको छ ।

चाडबाडको समयमा उपभोक्ता बजारमा निजी क्षेत्रको एकाधिकार हुन नदिन भन्दै सरकारले हरेक वर्ष सहुलियत मूल्य पसल सञ्चालन गर्दै आएको छ । सरकारले उद्योग, वाणिज्य, तथा आपूर्ति मन्त्रालयको मातहतका खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन तथा कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतको दुग्ध विकास संस्थानको सहकार्यमा सहुलियत मूल्य पसल सञ्चालनमा ल्याउन लागेको हो ।

ती कम्पनीका काठमाडौं उपत्यकामा रहेका बिक्री केन्द्र र तीन घुम्ती पसल गरी ३५ स्थानबाट सुपथ मूल्यमा खाद्यान्न बिक्री वितरण हुनेछ । राजधानीबाहिर मोरङ, झापा, ताप्लेजुङ, सप्तरी, सोलुखुम्बु, दिक्तेल, भोजपुर, ओखलढुङ्गा, खोटाङ, सिराहा, जनकपुर, पर्सा, काठमाडौं, ललितपुर, भक्तपुर, कास्की, तनहुँ, गोरखा, मनाङ, मुस्ताङ, रूपन्देही, बाँके, दाङ, बर्दिया, रुकुम-पूर्व र रुकुम-पश्चिममा सुपथ पसल सञ्चालन हुनेछ ।

यस्तै रोल्पा, सुर्खेत, गुल्मी, दैलेख, डोल्पा, कालीकोट, हुम्ला, जाजरकोट, जुम्ला, मुगु, कैलाली, डडेल्धुरा, बाजुरा, बझाङ, अछाम, दार्चुला, महेन्द्रनगरमा सहुलियतपूर्ण पसल रहनेछन् । खाद्य व्यापार कम्पनीले ४२ जिल्लाका ४८ स्थानमा सुपथ मूल्य पसल सञ्चालन गर्ने तयारी गरेका प्रवक्ता शर्मिला न्यौपानेले जानकारी दिइन् ।

कम्पनीले सञ्चालनमा ल्याएका बिक्री कक्षबाट उपभोक्ताले सबै किसिमका चामल, दाल, गहुँ, आटा, पीठो, र सबै प्रकारका तेलमा प्रतिकिलो/प्रतिलिटर रु सात तथा कर्णालीको सिमी, फापर, चिनो, कागुनो र खसीबोकामा प्रतिकिलो रु १० छुट पाउनेछन् । उपत्यकाभित्र रामशाहपथ, थापाथली, नख्खु र सूर्यविनायक तथा विभिन्न जिल्लामा रहेका बिक्री कक्षबाट सहुलियत दरमा खाद्यान्न उपलब्ध हुनेछ ।

खाद्य व्यापार कम्पनीले अनलाइनबाट पनि सहुलियत मूल्यमा खाद्यान्न बिक्री गर्नेछ । कम्पनीले भोलि थापाथालीस्थित बागमती प्रादेशिक कार्यालयका साथै देशभरका बिक्री कक्षबाट सुपथ मूल्य पसल सञ्चालन गर्नेछ । सहुलियत मूल्य पसल सञ्चालनका लागि सरकारले खाद्य व्यापार कम्पनीलाई रु दुई करोड ३२ लाख २० हजार बजेट छुट्याएको छ ।

यस्तै साल्ट्र ट्रेडिङले पनि काठमाडौं उपत्यकाको सतुङ्गल, कालीमाटी, पाटन, जडीबुटी, कौशलटार, भक्तपुर र सिफलसहित देशभरका कार्यालयमा सहुलियत पसल सञ्चालन गर्नेछ । साल्ट ट्रेडिङमार्फत बिक्री हुने सामानमा सहुलियत दिन सरकारले रु एक करोड छुट्याएको छ । साल्ट ट्रेडिङले चिनी प्रतिकिलो रु ९७ मा बिक्री गर्नेछ । साल्ट ट्रेडिङले नुनमा प्रतिकिलो दुई र तेल तथा चिउरामा प्रतिकिलो सात रूपैयाँ छुट दिनेछ । दुग्ध विकास संस्थानले घीउमा प्रतिकिलो २०, पनिर प्रतिदुई सय ग्राममा २० रूपैयाँ छुट दिनेछ ।

धार्मिक सांस्कृतिक सहिष्णुता कायम राखौं

एक-अर्काको धर्मसंस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं ।

एक-आपसमा भेद्भाव नगरौं, धार्मिक-सांस्कृतिक सहिष्णुता काम राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक